
# लेखापरीक्षण प्रतिवेदन
# बर्दिया
## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय
### काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सबैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. जिल्ला कृषि विकास कार्यालय | ३ |
| | ३.२. जिल्ला पशु सेवा कार्यालय | ४ |
| | ३.३. बर्दिया राष्ट्रिय निकुञ्ज | ६ |
| | ३.४. मालपोत कार्यालय | ९ |
| | ३.५. भुमिसुधार कार्यालय | १० |
| | ३.६. जिल्ला शिक्षा कार्यालय | ११ |
| | ३.७. बबई सिंचाई आयोजना | १२ |
| | ३.८. कर्णाली नदी व्यवस्थापन आयोजना | १६ |
| | ३.९. सिंचाई विकास सव डिभिजन | १९ |
| | ३.१०. जिल्ला हुलाक कार्यालय | २० |
| | ३.११. जिल्ला विकास समितिको कार्यालय | २१ |
| | ३.१२. जिल्ला प्राविधिक कार्यालय | ३१ |
| | ३.१३. स्थानीय विकास कोषको सचिवालय | ३३ |
| | ३.१४. जिल्ला स्वास्थ्य कार्यालय | ३३ |
| ४. | आन्तरिक लेखापरीक्षण | ३६ |
| अनुसूची १ : लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | | ३७ |
| अनुसूची २ : बेरुजूको स्थिति | | ३९ |
| अनुसूची ३ : जिल्ला विकास समितिको कार्यालयको आय व्यय विवरण | | ४० |
| अनुसूची ४ : जिम्मेवार पदाधिकारीको नामावली | | ४१ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रवर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याइ गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| ● सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>● वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>● महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>● संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>● गुणस्तर आश्वस्तता निर्देशिका,<br>● आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>● राजस्व लेखापरीक्षण मार्गदर्शन, | ● सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>● प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>● जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>● जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>● लेखापरीक्षकको आचारसंहिता,<br>● सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम १४ कार्यालयको विस्तृत र ३३ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण** : यस जिल्ला स्थित ४७ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.६ अर्ब ३ करोड २७ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ ।

२. **बेरुजू** : आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ । यस वर्ष २१ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा २४७ र रु.४६ करोड ७८ लाख ९० हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो । प्रतिवेदन अबधिसम्म १४ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका ७९ दफा र रु.१ करोड ८४ लाख ७९ हजार मिलान गरी २१ कार्यालयको दफा १६८ र रु.४४ करोड ९४ लाख ११ हजार बेरुजू बाँकी रहेको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकृयाबाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा संख्या कायम गरिएको छ । लेखापरीक्षणको क्रममा रु.५१ हजार र प्रतिक्रियाबाट रु.४ लाख ७ हजार समेत रु.४ लाख ५८ हजार असुल भएको छ ।

बाँकी बेरुजूमध्ये असुल गर्नुपर्ने रु.८२ लाख ३५ हजार, अनियमित रु.१७ करोड ५० लाख ७४ हजार र पेश्की रु.२६ करोड ६१ लाख २ हजार रहेको छ । यस सम्बन्धी विवरण अनुसूची २ मा उल्लेख छ ।

३. **सुझाव** : तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो । प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ । बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ । तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ । प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## जिल्ला कृषि विकास कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा कुनैपनि कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आर्थिक कार्यविधि सम्बन्धी आन्तरिक निर्देशिकाहरु, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्दछ । तालुक कार्यालयबाट निरीक्षण नभएको, जिन्सी निरीक्षण भएतापनि प्रतिवेदन कार्यान्वयन नगरेको तथा कार्यालयले उद्देश्य प्राप्तिमा आईपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेकोले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **आषाढ महिनाको खर्चः-** चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । कार्यालयले गरेको बार्षिक पूँजीगत खर्च रु.४०,१३,९४३।- मध्ये तेस्रो चौमासिकमा रु.३९,६३,०९३।- खर्च भएको मध्ये आषाढ महिनामा मात्र रु.११,५२,२१८।- खर्च गरेको छ । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमशः ९८.७३ र २८.७० रहेकोले स्वीकृत वार्षिक कार्य लक्ष्य बमोजिम खर्च व्यवस्थापन गर्नुपर्दछ ।

३. **लक्ष्य प्रगतिः-** कार्यालयबाट तयार गरेको वार्षिक प्रगति विवरण अनुसार प्रगति हासिल हुनुपर्दछ । यो वर्ष वृहत्तर धान उत्पादन कार्यक्रम, नेपाल व्यापार एकिकृत रणनीति मुसुरो कार्यक्रम, अभियानमुखी तेलन वाली उतपादन कार्यक्रम र भकारो सुधार र प्रागांरिक मलमा अनुदान कार्यक्रममा औषतमा ५०.४४ प्रतिशत मात्र प्रगति भएको स्थिती छ । लक्ष्य अनुसार प्रगति हासिल गर्न ध्यान दिनुपर्दछ ।

४. **व्यवसायीक किट विकास कार्यक्रमः-** युवा लक्षित कार्यक्रम अन्तर्गत च्याऊ उत्पादन कार्यक्रम संचालनको लागि ४० युवा कृषकहरुलाई आवश्यक सामग्री खरिद तथा खेति कार्य संचालन गर्न रु.२०,८०,०००।- को लागत अनुमान तयार गरी कृषकको तर्फबाट रु.४८००००।- तथा कार्यालयको तर्फबाट रु.१६,००,०००।- लगानी गर्ने सम्झौता अनुसार व्यक्तिगत रुपमा कार्यालयले प्रति युवा रु.२४०,०००।- का दरले रु.१४,४०,०००।- को आवश्यक सामग्री तथा रु.१६०,०००।- नगद उपलब्ध गराएको देखियो । युवा लक्षित कार्यक्रम कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७१ ले वैदेशिक रोजगारबाट फर्किएका र वैदेशिक रोजगारमा जान तम्तयार रहेका युवा युवतिलाई स्वदेशमा नै रोजगारीको अवसर श्रृजना गर्ने र कृषि वस्तु उत्पादनबाट उत्पादकत्व बढाउने, आयात घटाउने र उनीहरुको आम्दानी वृद्धि गर्ने उद्देश्य राखेर यो कार्यक्रम संचालनमा आएको हो । कार्यक्रममा नेपाल सरकारको तर्फबाट नियमित रकम उपलब्ध गराएपछि उनीहरुले शुरु गरेको कृषि व्यवसायलाई निरन्तरता दिए/नदिएको च्याउ खेति उत्पादनको अवस्था तथा यसबाट युवाहरुको आयमा सकारात्मक नतिजा देखियो/देखिएन तथा स्थानीयस्तरमा च्याउको माग अनुसार उत्पादन गरे/नगरेको सम्बन्धमा कार्यालयले नियमित अनुगमन हुनुपर्दछ । कृषकसँग भएको सम्झौतामा कृषकले आफ्नो व्यवसायको वीमा समेत गर्नुपर्ने प्रावधान रहेकोमा सो अनुसार गरेको नदेखिएकोले कृषि व्यवसायलाई सुरक्षित गर्न वीमा गराउन प्रेरित गर्नुपर्दछ ।

५. **अनुगमन :** सिमान्तकृत समुदाय तथा महिला लक्षित तरकारी खेति कार्यक्रम अन्तर्गत कार्यालय र समुदाय तथा कृषकको साझेदारीमा मौसमी तथा बेमौसमी तरकारी खेति कार्यक्रम संचालन गरी कार्यालयको तर्फबाट खेतिको लागि आवश्यक वीउ तथा सिचाईको सामग्री उपलब्ध गराएको

तथा विषादीको लागि नगदै अनुदान उपलब्ध गराई रु.२८,३०,०१४।- खर्च लेखेको छ । कार्यक्रम संचालनबाट स्थानीयस्तरमा तरकारी उत्पादनको अवस्था तथा खेतिको निरन्तरताको अवस्था सम्बन्धमा कार्यालयबाट अनुगमन हुनुपर्दछ । खेतिको लागि आवश्यक जग्गाको व्यवस्थापनको निरन्तरता भए/नभएको, आय आर्जनमा टेवा पुगे/नपुगेको तथा स्थानीयस्तरको तरकारी आवश्यकताको परिपुर्तिमा योगदान भए/नभएको सम्बन्धमा कार्यालयबाट अनुगमन हुनुपर्दछ । यसैगरी सम्झौतामा निश्चित अवधिसम्म अनिवार्य रुपमा खेति गर्नुपर्ने प्रावधान नराखेकोले अनुदान पाए पश्चात निरन्तरता नहुने अवस्था रहेको तथा खेतिको वीमा गर्नुपर्ने प्रावधान राखिनुपर्दछ । साथै खेति गर्ने जग्गाको भरपर्दो व्यवस्था भएका व्यक्ति वा संस्थालाई मात्र अनुदान दिने प्रावधान राख्न उपयुक्त हुन्छ । कार्यालयबाट उपलब्ध गराएको नगदको उपयोगमा समेत प्रभावकारी अनुगमन हुनुपर्दछ ।

६. **वीउ वितरण** : कृषि कार्यक्रम संचालन निर्देशिकामा प्रति हेक्टर धानको वीउ ५० के.जी., मकैको वीउ २५ देखि ३० के.जी., तोरीको वीउ १० के.जी. र मुसुरोको वीउ ४० के.जी सम्म लाग्न सक्ने व्यवस्था छ। कार्यालयले तोरी, धान, मकैं र ढैचाको वीउ क्रमशः २०५० के.जी.,१३१२५० के.जी.,९५० के.जी. र ८५० के.जी. खरिद गरी वितरण गरेकोमा कृषकहरुलाई अनुदान वीउ उपलब्ध गराउनु पूर्व कृषकबाट वीउको माग संकलन गरी माग गर्ने कृषकको स्वामित्वमा रहेको जग्गाको परिमाण यकिन गरी अनुदानको वीउ उपलब्ध गराउनुपर्नेमा कृषकको जग्गाको स्वामित्व नहेरी तथा दुई कृषक सहकारी संस्थालाई क्रमशः १९२५ के.जी. र ३५०० के.जी. धानको वीउ उपलब्ध गराएकोमा सो वीउ सम्बन्धित कृषकले पाए नपाएको यकिन भएको छैन । कृषकको माग र आवश्यकताको आधारमा वीउ खरिद तथा वितरण हुनुपर्दछ ।

७. **औजार उपकरण खरिद** : कार्यालयले यो वर्ष रु.३५८६८५०।- को कृषि औजार उपकरण खरिदमा ५० प्रतिशत अनुदान उपलब्ध गराई खर्च लेखेको छ । यस्ता सामग्री तथा उपकरण गत विगत वर्ष देखि उपलब्ध गराउदै आएको देखिन्छ । पम्पसेट,पानी तान्ने मेशिन, वोरिङ्ग सामग्री, समरसिवल मोटर, स्टेबलाईजर र पाईप, पावर ट्रिलर र डिप ट्युवेल, ट्रयाक्टर र स्टेमलाईजर तथा च्यापकटर जस्ता उपकरणहरुको खरिद तथा वितरण गरिएकोमा कृषि औजार उपकरणको कृषकगत रुपमा अभिलेख राखी हरेक कृषक र कृषक समुह तथा कृषक सहकारी संस्थाले प्राप्त गरेको ती औजार उपकरणको उपयोगको स्थितिको बारेमा अवलोकन तथा अनुगमन गर्ने तथा ती समानको सर्वसाधारण सबै कृषकको पहुच भए/नभएको, उपकरणबाट कृषकको आयस्तर तथा उत्पादकत्वमा वृद्धि भए/नभएको सम्बन्धमा हरेक वर्ष अध्ययन, अवलोकन अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन तयार गरेको देखिएन । साथै उपलब्ध गराईएका ती सामग्रीको कृषकगत अभिलेख समेत राखेको देखिएन । अतः खरिद गरिएका कृषि औजार उपकरणको कृषकगत अभिलेख राखि उपयोग गरे/नगरेको तथा कृषि आम्दानीको अभिवृद्धिमा योगदान पुगे/नपुगेको सम्बन्धमा नियमित अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन गर्नुपर्दछ ।

## जिल्ला पशु सेवा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा कुनैपनि कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आर्थिक कार्यविधि सम्बन्धी आन्तरिक निर्देशिकाहरु, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्दछ । तालुक कार्यालयबाट निरीक्षण नभएको, जिन्सी निरीक्षण भएतापनि प्रतिवेदन कार्यान्वयन नगरेको तथा कार्यालयले उद्देश्य प्राप्तिमा आईपर्ने

सम्भावित जोखिमहरु पहिचान नगरेकोले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **तेस्रो चौमासिकको खर्च :** चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । कार्यालयले गरेको बार्षिक कार्यक्रम खर्च रु.२४,९९,९८९।-मध्ये तेस्रोचौमासिकमा रु.१४,८५,९९७- खर्च भएको छ । तेस्रो चौमासिकको खर्चको समग्र प्रतिशत ५९.४४ रहेकोले स्वीकृत कार्यक्रम र लक्ष्य बमोजिम खर्च व्यवस्थापन गर्नुपर्दछ ।

३. **सहकारी खेति :** सहकारीमा आधारित वंगुर राख्ने २१४५ वर्ग फिट क्षेत्रफलको खोर निर्माण, ५० वटा उन्नत वंगुरका पाठापाठी खरिद, सो को दाना खरिद लागयत आवश्यक सामग्रीको लागि २ सहकारी संस्थालाई रु.८,३०,०००।- को दरले रु.१६,६०,०००।- नगद अनुदान उपलब्ध गराई खर्च लेखिएको छ । वंगुर पालनको लागि खोर निर्माण पाठापाठी खरिद तथा अन्य सामग्रीको वैज्ञानिक तवरले लागत अनुमान तयार गरी कर्यालयको तर्फबाट व्यहोर्नु पर्ने रकम यकिन गरी अनुदान उपलब्ध गराउनुपर्ने, उपलब्ध गराएको अनुदानको प्रभावकारी उपयोगको लागि तोकिएको मिति भित्र कृषकले गरेको प्रगति, अनुदानको आम्दानी खर्चको विवरण र लेखापरीक्षण प्रतिवेदन लिनुपर्नेमा मोटामोटी हिसाव गरी अनुदान उपलब्ध गराएको तथा सो अनुदानको खर्चको विवरण र लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन । यसले गर्दा अनुदान दिनुपर्ने वास्तविक रकम यकिन गर्न नसकिनुका साथै यसको प्रभावकारी उपयोगको सुनिश्चितता हुन सकेन ।

लेखापरीक्षणको सिलसिलमा कार्यालयका प्रमुख समेतको उपस्थितिमा २०७३।१०।०९ मा एक सहकारी संस्थाको भौतिक परीक्षण गर्दा तोकिए बमोजिमको संख्यामा वंगुरको पाठापाठी नभएको, २०७३।१०।०९ सम्म कुनै आम्दानी नगरेको, भएका पाठा हुर्केको अवस्था नरहेको, तथा खोरको अवस्था गुणस्तरीय नरहेकोले वंगुर पालनको निरन्तरतामा विश्वस्त हुन अवस्था देखिएन । अतः सम्झौता अनुसार गर्न कार्यालयबाट नियमित अनुगमन गरी आवश्यक कारवाही गर्नुपर्दछ ।

४. **अनुदान :** अन्य संस्था तथा व्यक्तिलाई चालु अनुदानको रुपमा रु.१०,००,०००।- खर्च गर्ने अख्तियारी प्राप्त भएकोमा सो रकम कसरी कहाँ के मा खर्च गर्ने भन्ने कार्यक्रम दिएको देखिएन । कार्यक्रम वेगर कार्यालयले सहकारी आवद्ध महिला कृषकहरुको आय आर्जनको लागि वंगुरपालन कार्यक्रम संचालन गर्न एक संस्थालाई रु.५,००,०००।- तथा दुध चिस्यान केन्द्र स्थापना र सञ्चालनको लागि एक सहकारी संस्थालाई रु.५,००,०००।- समेत रु.१०,००,०००।- अनुदान दिएको देखियो । सम्झौतामा उल्लेख भएका कार्यक्रमहरु २०७३।०३।३० सम्म सम्पन्न गर्नुपर्ने उल्लेख भएकोमा सो अनुसार भए नभएको यकिन भएको छैन । साथै कार्यक्रम संचालनमा लाग्ने लागतको यकिन नगरी अनुदान दिएकोले अनुदानको प्रभावकारी उपयोग भएको सुनिश्चित हुने प्रमाण कागजात पेश हुनुपर्दछ ।

५. **पशु सेवा कार्यक्रम :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा तीन लाख देखि दश लाख सम्म लागत अनुमान भएको मालसामान शिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्ने तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६(१) मा कार्यालयले नेपालभित्र वा विदेशबाट मालसामान खरिद गर्दा सोझै सम्बन्धित विक्रेतालाई भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कर्मचारीहरुलाई घाँसको वीउ खरिदको लागि पटक पटक गरी ३ कर्मचारीलाई रु.९,६३,१८०।- पेश्की दिई रु.७,६३,१८०।- को घाँसको वीउ सोझै खरिद गरेको देखिएकोले नियमीत देखिएन ।

६. **युवा लक्षित कार्यक्रम** : युवा लक्षित कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७१ ले वैदेशिक रोजगारबाट फर्किएका र वैदेशिक रोजगारमा जान तम्तयार रहेका युवा युवतिलाई स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गर्ने र कृषि वस्तु उत्पादनबाट उत्पादकत्व बढाउने आयात घटाउने र उनीहरुको आयमा वृद्धि गर्ने उद्देश्य राखेर यो कार्यक्रम संचालनमा आएको हो । कार्यालयले यो वर्ष युवा लक्षित कार्यक्रम अन्तर्गत गाई, भैसीपालन व्यवसाय संचालन गर्न युवा कृषकहरुलाई रु. १ लाख देखि रु.१६०००००।- सम्मका अनुदान उपलब्ध गराई खर्च लेखेको देखियो । वैदेशिक रोजगारमा नगई स्वदेशमा नै सरकारको तर्फबाट निश्चित रकम उपलब्ध गराएपछि उनीहरुले शुरु गरेको कृषि व्यववसायलाई निरन्तरता दिए नदिएको अनुगमन गरी निरन्तरताका लागि उत्प्रेरित गर्न पहल गर्नुपर्दछ ।

७. **अनुगमन** : कार्यालयबाट संचालित कार्यहरुको सही उपयोग भए नभएको सम्बन्धमा निरन्तर अनुगमन हुनुपर्दछ । यो वर्ष बंगुर फर्म संचालन, बाख्रापालन, बजार प्रवर्द्धन र पाडा हुर्काउने कार्यक्रम संचालन गर्न विभिन्न फर्म संचालकहरुलाई रु.३५,००,०००।- अनुदान उपलब्ध गराई खर्च लेखेकोमा अनुदानको उपयोग बारे अनुगमन गरेको छैन । फर्महरुले प्राप्त अनुदानको प्रभावकारी रुपमा उपयोग गरे नगरेको, व्यवसायलाई निरन्तरता दिए नदिएको तथा उनीहरुको दैनिक आम्दानीको प्रभाव कस्तो रहेको भन्ने सम्बन्धमा कार्यालयबाट प्रभावकारी ढंगले अनुगमन गर्नुपर्दछ ।

८. **गत वर्षको भुक्तानी** : कुनै पनि सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं. २ मा समावेश गर्नुपर्नेमा निक्षेपित कार्यक्रम अन्गर्तत कार्यालयले बा.१ भ. ८६०० नं.को गाडी मर्मत गर्दा खर्च भएको रु.२,०७,६०८।- उक्त फारममा अभिलेख राखेको देखिएन । अत मर्मत खर्चको अभिलेख राखी अद्यावधिक गर्नुपर्दछ ।

९. **अनियमित खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(६) मा रकम स्वीकृत बजेटभित्र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बांकी भएमा अधिकार प्राप्त अधिकारले खर्च गर्न र खर्चको निकासा दिन सक्ने व्यवस्था छ कार्यालयले तोकिएको बजेट खर्च शिर्षकबाट खर्च लेख्नुपर्नेमा टोनर, कार्टेज खरिद गरी मर्मत, सम्भार तथा परामर्श शिर्षकबाट रु.३९,७२१।- खर्च लेखेकोले नियम सम्मत देखिएन । उक्त खर्च नियमित हुनुपर्दछ ।

## बर्दिया राष्ट्रिय निकुञ्ज

१. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा कुनै पनि कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आर्थिक कार्यविधि सम्बन्धि आन्तरिक निर्देशिकाहरु, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्दछ । तालुक कार्यालयबाट निरीक्षण नभएको, जिन्सी निरीक्षण भएतापनि प्रतिवेदन कार्यान्वयन नगरेको तथा कार्यालयले उद्देश्य प्राप्तिमा आईपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेकोले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **आषाढ महिनाको खर्च** : प्रत्येक निकायको लागि चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । कार्यालयले गरेको बार्षिक पूँजीगत खर्च रु.२,८७,४१,२५६।- मध्ये तेस्रो चौमासिकमा रु.२,५३,३९,३३२।- खर्च भएको छ भने आषाढ महिनामा मात्र रु.७८,७८,८४१।- खर्च भएको छ । तेस्रो चौमासिक र आषाढ

महिनाको खर्चको समग्र प्रतिशत क्रमशः ८८.१९ र २७.४१ रहेकोले स्वीकृत कार्यक्रम र लक्ष्य बमोजिम खर्च व्यवस्थापन गर्नुपर्दछ ।

३. **पूर्वनिर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु सात दिनभित्र अगावै म्याद थपको लागि निवेदन दिनुपर्ने र काबु वाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भएको जस्ता कुराहरुको विचार गरी म्याद थप गर्न सक्ने व्यवस्था छ । काबु वाहिरको परिस्थिति नभएको र निर्माण व्यवसायीको ढिलाईको कारणले तोकिएको म्यादमा काम सम्पन्न हुन नसकेमा सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिन पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ ।

३.१ हात्तिसारस्थित कर्मचारी भवनको तल्ला थप्ने कार्यको लागत अनुमान रु.३९,३९,५०४।- को कार्य एक निर्माण सेवासँग २०७३ बैशाख मसान्तमा सम्पन्न गर्ने गरी २०७२।०९।०१ मा रु.३९,०३,०५५।- को निर्माण सम्झौता भएकोमा २०७३।०२।२३ मा निर्माण कार्य सम्पन्न गरी रु.३९००५३७।- भुक्तानी भएको छ । सम्झौता अनुसार निर्माण व्यवसायीले २०७३ बैशाख मसान्त भित्रमा कार्य सम्पन्न गर्नुपर्नेमा कुनै कारण नखुलेको निवेदनका आधारमा कार्यालयले २०७३ जेष्ठ मसान्तसम्म म्याद थप गरी २०७३।०२।२३ मा कार्य सम्पन्न गरेको देखियो । काम सम्पन्न गर्न ढिलाई हुन गएको कुनै पनि कारण प्रस्तुत नगरेकोले उल्लेखित नियम बमोजिम सम्झौता रकम रु.३९,०३,०५५।- को ०.०५ प्रतिशत प्रतिदिनले २३ दिनको पूर्व निर्धारित क्षतिपूर्ति रु.४२,९३४।- असुल गर्नुपर्दछ ।

३.२ चिफ वार्डेन आवास भवनको तल्ला थप गर्ने कार्यको लागत अनुमान रु.२७,६३,५६५।- को काम एक निर्माण व्यवसायीसँग २०७३ वैशाख मसान्तमा सम्पन्न गर्ने गरी २०७२।०९।०७ मा रु.२७,४०,२९५।- को निर्माण सम्झौता भएकोमा २०७३।०२।२२ मा निर्माण कार्य सम्पन्न भएको भनी रु.३०१०१५५।- भुक्तानी भएकोमा बढि भुक्तानी भएको रु.२,८८,२९२।- मिति २०७३।०३।१५ मा फिर्ता भएकोले रु.२७,२१,८६३।- खुद खर्च लेखिएको छ । सम्झौता अनुसार २०७३ बैशाख मसान्तभित्र कार्य सम्पन्न गर्नुपर्नेमा कुनै कारण नखुलेको निवेदनको आधारमा २०७३ जेष्ठ मसान्त सम्मको लागि म्याद थप गरी २०७३।०२।२२ मा कार्य सम्पन्न गरेको देखियो । प्रस्तुत कार्यमा निर्माण व्यवसायीले काम सम्पन्न गर्न ढिलाई हुन गएको कुनै पनि कारण प्रस्तुत नगरेकोले उल्लेखित नियम बमोजिम सम्झौता रु.२७,४०,२९५।- को ०.०५ प्रतिशतले प्रतिदिनले २१ दिनको पूर्व निर्धारित क्षतिपूर्ति रु.२८,७७३।- असुल गर्नुपर्दछ ।

३.३ रम्मापुर सेक्टर पोष्ट भवन निर्माणको लागत अनुमान रु.२८,७२,५६९।- को काम २०७३ बैशाख मसान्त भित्र सम्पन्न गर्ने गरी एक कन्स्ट्रक्सनसंग २०७२।०९।२० मा रु.२४,३५,७९३।- को निर्माण सम्झौता भएकोमा निर्माण व्यवसायीले बन्द हड्तालको कारण देखाई एक महिनाको म्याद थपको माग गरे बमोजिम २०७३।०१।३० को निर्णय बमोजिम माग अनुसार म्याद थप गरेको देखियो । तेश्रो तथा अन्तिम रनिङ्ग वील सम्म कार्यालयले रु.२१,३०,०११।- भूक्तानी गरेकोमा थप म्यादभित्र पनि कार्य सम्पन्न नभएकोले कार्यसम्पन्न प्रतिवेदन तयार गरेको पाईएन साथै निर्माण व्यवसायीले म्याद थप माग गर्ने र कार्यालयले सो अनुसार गरेको निर्णयको कारणलाई पुष्टि समेत भएको देखिएन । अन्तिम वीलको भुक्तानी भनि वील अनुसारको रकम २०७३।०३।२२ मा भुक्तानी गर्दा थप म्याद समेत गुज्रेको अवस्थामा समेत कार्यालयले २१ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेकोले म्याद थप हुनुको पर्याप्त कारण सहित ०.०५ प्रतिशत प्रतिदिनले पूर्वनिर्धारित क्षतिपुर्ति रु.६२,११३।- असुल गर्नुपर्दछ ।

निर्माण व्यवसायीको ढिलाईको कारणले तोकिएको म्यादमा काम सम्पन्न हुन नसकेमा सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिन पूर्व निर्धारित क्षतिपूर्ति नलिई कारण बेगर म्याद थप गर्नेलाई समेत जिम्बेवार बनाउनुपर्दछ ।

३.४ सुरक्षा पोष्ट र निकुञ्जको भवन निर्माणको काम २०७३ वैशाख मसान्त भित्र सम्पन्न गर्ने गरी एक निर्माण सेवासंग २०७२।०९।०७ मा सम्झौता भएकोमा तोकेको मिति भित्र निर्माण कार्य सम्पन्न नगरेकोले २०७३ जेष्ठ मसान्तसम्म ठेक्काको म्याद थप भएता पनि सो म्यादभित्र पनि निर्माण सम्पन्न नगरी २०७३।०३।२१ मा निर्माण सम्पन्न गरेकोमा सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनले २० दिनको पूर्वनिर्धारित क्षतिपूर्ति रु.४८,३२८।- भुक्तानीमा कट्टा गरि असुल नगरेकोले असुल गर्नुपर्दछ ।

४. **कामलाई टुक्रा गरेको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा साठी लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । कार्यालयले हात्तिसार क्षेत्रको खौराह नदिको वाहिरी किनारमा एक उपभोक्ता समितिबाट नदी कटान नियन्त्रणको लागि ग्याबियन जालीमा ढुंगा भर्ने काम गराई रु.७०,८५,११९।- भुक्तानी गरेको देखियो । उल्लेखित नियम बमोजिम साठी लाख रुपैंया भन्दा बढीको निर्माण कार्य निर्माण व्यवसायीबाट प्रतिस्पर्धाको आधारमा गराउनुपर्नेमा एउटै कामलाई टुक्रा गरी उपभोक्ता समितिबाट गराएको काम अनियमित देखिएकाले नियमित हुनुपर्दछ ।

५. **अनुदान खर्च** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४१ मा सालवसाली प्रकृतिका वाहेक विशेष प्रकारका पटके कार्यक्रम, आयोजनाको लागि हुने सरकारी वा गैर सरकारी कार्यालय, संगठित संस्था र संस्थानलाई बजेटमा समावेश भई निकाशा दिएको रकमको आय व्ययको प्रगतिको विवरण लिई जुन कामको लागि त्यस्तो रकम दिएको हो सो काममा खर्च गरे वा नगरेको, लक्ष्य अनुसार गरे वा नगरेको, प्रचलित कानुन बमोजिम लेखापरीक्षण प्रतिवेदन, खर्चको विवरण, प्रगति प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न गैर सरकारी संघसंस्थालाई विभिन्न कार्यको लागि रु.५९,३५,५००।- सशर्त अनुदान दिएकोमा उल्लिखित प्रावधान अनुसारको प्रतिवेदनहरु लिएको देखिएन । तोकिए बमोजिम कार्य भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

६. **दरवन्दी वेगरको तलव खर्च** : निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) अनुसार स्वीकृत दरवन्दीमा रहेका कर्मचारीलाई हरेक वर्ष तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यसैगरी सम्बन्धित शिर्षकमा पर्याप्त वजेटको व्यवस्था मिलाई मात्र सेवा करारमा लिन सकिने व्यवस्था भएकोमा सम्बन्धित खर्च शिर्षक नं. २२४१२ मा बजेट व्यवस्था नगरी गेम स्काउट समेतका कर्मचारीहरुलाई करारमा नियुक्त गरी रु.२६,१२,७८३।- तलब शिर्षकबाट खर्च लेखेको अनियमित देखिएकाले नियमित हुनुपर्दछ ।

७. **विल वेगरको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले विल भरपाई वेगर रु.११,७६०।- कार्यालय सम्बन्धी खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

८. **संचित विदाको रकम** : कार्यालयबाट २०७२।०३।१० मा अवकाश प्राप्त एक कर्मचारीको संलग्न व्यक्तिगत विवरण अनुसार घर विदा १८० दिन र विरामी विदा २४६ दिन समेत कुल ४२६ दिन विदा सञ्चित रहेको देखियो । विवरण अनुसार निजको तलब रु.१८,८००।- र ग्रेड रु.१९२०।- समेत रु.२०,७२०।- मा प्रतिदिन रु.६९०।६७ ले ४२६ दिनको रु.२,९४,२२६।- सञ्चित विदाको

रकम खर्च लेख्नुपर्नेमा निजामती किताव खानाको पत्र समेतको आधारमा रु.३,४६,४८०।- निकाशा तथा खर्च गरेकोले बढी खर्च लेखेको रु.५२,२५४।- असुल गर्नुपर्दछ ।

९. **परामर्श खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने, नियम ८५ मा तीन लाख रुपैयाँ सम्म लागत अनुमान भएको मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न सकिने तथा नियम ७२ मा दश लाख रुपैयाँ भन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले कार्यविधिको तयारी तथा ग्याप फुलफिलमेन्ट व्यवस्थापन योजनाको काम गर्दा उल्लिखित प्रावधान अनुसरण नगरी एक परामर्शदाता नियुक्त गरी रु.७,९८,९००।- खर्च गरेकोले नियमको पालना भएको नदेखिएकाले उक्त खर्च नियमित हुनुपर्दछ ।

१०. **चेनेज नम्बर नखुलेको** :सडक निर्माण गर्दा निर्माण कार्यको शुरु गर्ने स्थान देखि अन्तिम स्थानसम्मको सडकको लम्बाईको आधारमा चेनेज नं. कायम गरी निर्माण कार्यको थालनी गर्नुपर्दछ । कार्यालयले बनपथ निर्माण वापत रु.२१,६८,९८१।- भूक्तानी गरेकोमा बनपथको चेनेज नम्बर नखुलेकोले शुरु र अन्तको स्थान एकिन भएको छैन् । अतः चेनेज नम्बर खुलाई वास्तविक लागत एकिन हुनुपर्दछ ।

११. **बढी भुक्तानी** : शिवपूर ववियाचौर चित्तले गुठी र रातामाटाको ७० हेक्टर क्षेत्रमा घाँसे मैदानको निर्माणको लागि एक उपभोक्ता समितिसँग रु.१९,९१,३८९।- लागत अनुमानको काममा कार्यालयले रु.१७,९८,६५५।-र समितिले रु.१,९२,७३५।- व्यहोर्ने गरी २०७२।०८।१७ मा सम्झौता भएकोमा समितिले रु.१९,९९,१७४।- को काम गरेकोले सम्झौता अनुसारको अनुपातमा कार्यालयले रु.१८,०१,१७०।- मात्र भूक्तानी गर्नुपर्नेमा रु.१८,०५,०००।- भुक्तानी गरेकोले वढि खर्च लेखेको रु.३,८३०।- असुल गर्नुपर्दछ ।

१२. **ढिला दाखिला** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोली पल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिन सम्म ढिला गरेको भए दश प्रतिशत जरिवाना गरी सो दाखिला गर्न लगाउने र पन्ध्र दिन सम्म ढिलो गरेको भए पन्ध्र प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र पन्ध्र दिन भन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाउने व्यवस्था छ । यस कार्यालयको कर्मचारीबाट असुली भएको राजश्व रु.२,४४,२८,७८०।- मध्ये विभिन्न मितिमा फरक फरक रकम ढिला दाखिला गरेको सम्बन्धमा सम्बन्धित निकायले उल्लेखित प्रावधान अनुसार नगरेको कारणले हरेक वर्ष तोकिएको मितिमा नगद दाखिला गर्ने गरेको देखिएन । तोकिएको मितिमा नगद दाखिला नगर्ने उपर उल्लिखित व्यवस्था अनुसार हिसाव गरी जरिवाना समेत लगाई असुल गर्नुपर्दछ ।

## मालपोत कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कुनैपनि कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आर्थिक कार्यविधि सम्बन्धी आन्तरिक निर्देशिकाहरु, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्दछ । जिन्सी निरीक्षण भएतापनि प्रतिवेदन कार्यान्वयन नगरेको तथा कार्यालयले उद्देश्य प्राप्तिमा आईपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेकोले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **तेस्रो चौमासिकको खर्च** : चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । कार्यालयले गरेको बार्षिक पूँजीगत खर्च तेस्रो चौमासिकमा रु. ४६,५१,८२५।- भएको छ । तेस्रो चौमासिकको खर्चको समग्र प्रतिशत १०० रहेको छ । विनियोजित रकमको सम्पूर्ण रकम तेस्रो चौमासिकमामा खर्च भएको छ । स्वीकृत कार्यक्रम र लक्ष्य बमोजिम खर्च व्यवस्थापन गर्नुपर्दछ ।

३. **जग्गाको मुल्याङ्कन** : लिखत नं ४८४१ क सुर्यबटुवा गाउ विकास समिति वार्ड नं. ७ कित्ता नं.३०६ को ३ कठ्ठा १५.७५ धुर जग्गाका धनीले एक व्यक्तिलाई जग्गा बिकी गर्दा जग्गाको मुल्याँकन रु.७,५७,५००। कायम गरी २ प्रतिशतले रु. १५,१५०। रजिष्ट्रेसन शुल्क असुल गरेको छ । सम्बन्धित गाउ विकास समितिको २०७३।०३।०२ को पत्रमा उक्त कित्ताको जग्गामा घरगोठ नभएको र ग्राभेल बाटो भएको निवेदकको निवेदन अनुसार बुझिएको भनि प्रमाणित गरेको आधारमा रु.१,१०,०००। प्रति कठ्ठाको दरले जग्गाको मुल्याङ्कन भएको छ । गाँउ विकास समितिबाट जग्गाको अवस्था आफैले पहिचान नगरी निवेदकले निवेदन गरेको आधारमा जग्गाको मुल्याङ्कन हुँदा वास्तविक मुल्याङ्कन हुन नसक्ने अवस्था रहेकोले किटानी साथ लेखी आएको आधारमा जग्गाको मुल्याङ्कन गरी राजश्व असुल गर्नु पर्दछ ।

४. **कोषतर्फ** : रजिष्ट्रेशन शुल्क वापत गत वर्षबाट जिम्मेवारी सरेको रु.१,७७,५९,३४३।- तथा यो वर्ष असुली रु.५,८८,३४,०८५।- समेत कुल रु.७,६५,९३,४२८।- मध्ये गत वर्षको रु.१,७७,५९,३४३।- र यो वर्षको श्रावण देखि वैशाख सम्मको असुली रु.४,४८,८८,७०४।- समेत रु.६,२६,४८,०४७।- राजस्व बाँडफाड अन्तर्गत संचित कोष, जिल्ला विकास समिति र सम्बन्धित नगरपालिकामा पठाएको देखियो । २०७३ जेष्ठ र आषाढमा असुल भएको रु.१,३९,४५,३७९।- मध्ये संचित कोष तथा स्थानीय निकायमा दाखिला गर्नुपर्दछ ।

## भुमिसुधार कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आर्थिक कार्यविधि सम्बन्धि आन्तरिक निर्देशिकाहरु, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्दछ । तालुक कार्यालयबाट निरीक्षण नभएको, जिन्सी निरीक्षण भएतापनि प्रतिवेदन कार्यान्वयन नगरेको तथा कार्यालयले उद्देश्य प्राप्तिमा आईपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेकोले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **जग्गा फिर्ता** : कार्यालयले मुक्त कमैया पुनर्स्थापनाको लागि यो वर्ष २५ विगाहा १८ कठ्ठा १६ धुर जग्गा खरिद गर्न रु.१०,६६,०५,५००।- खर्च मध्ये ३९१ जनालाई जग्गा खरिद वापत रु.२,००,५००।- ले रु.७,८३,९५,५००।- घर निर्माण वापत रु.१,५५,०००।- का दरले १८२ जनालाई रु.२,८२,१०,०००।- भुक्तानी गरेको छ । ३९१ मुक्त कमैयामध्ये विगत वर्षहरुमा उपलव्ध गराएको जग्गा फिर्ता गरेको भनी १४७ जनालाई यो वर्ष जग्गा खरिदको लागि रु.२,९६,७४,०००।- उपलव्ध गराएकोमा तत्कालिन मितिमा उपलव्ध गराएको २८ विघा १५ कठ्ठा ११.५ धुर जग्गा ती मुक्त कमैयाको नामबाट बदर गरी नेपाल सरकारको नाममा फिर्ता गर्न २०७३।०४।०१ बाट मालपोत कार्यालय बर्दियालाई लेखि पठाएकोमा उक्त जग्गा लेखापरीक्षण अवधि (२०७३।१०।०७) सम्म पनि व्यक्तिको नामबाट नेपाल सरकारको नाममा फिर्ता भएको ब्यहोरा सम्बन्धित निकायबाट लेखि आएको देखिएन ।

३. **घुम्तिकोष :** कार्यालयको कोषबाट लक्षित वर्गको आय आर्जन अभिवृद्धिका लागि लगानी गरेको रकम व्याज सहित समयमै असुल हुनुपर्दछ। कार्यालयले मुक्त कमैयाहरुको आय आर्जन अभिवृद्धिका लागि २०६०।०६।०२ देखि २०७२।०७।१८ सम्मको अवधिमा भाखा नाघेको ऋण रु.१२,७९,५५७।- सम्बन्धित ऋणीहरुबाट असुल गर्ने तर्फ आवश्यक कारवाही गर्नुपर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आर्थिक कार्यविधि सम्बन्धि आन्तरिक निर्देशिकाहरु, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्दछ । तालुक कार्यालयबाट निरीक्षण नभएको, जिन्सी निरीक्षण भएतापनि प्रतिवेदन कार्यान्वयन नगरेको तथा कार्यालयले उद्देश्य प्राप्तिमा आईपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेकोले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **आषाढ महिनाको खर्च :** चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । कार्यालयले गरेको बार्षिक पूंजीगत रु.३६,२८,३४,५०८।- खर्चमध्ये तेस्रोचौमासिकमा रु.१५,७२,८६,४३२।-खर्च भएको छ भने आषाढ महिनामा मात्र रु.८,३५,७६,७४६।- खर्च भएको छ । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमशः ४३.३४ र १२.०१ रहेकोले स्वीकृत कार्यक्रम र लक्ष्य बमोजिम खर्च व्यवस्थापन गर्नुपर्दछ ।

३. **निःशुल्क पाठ्य पुस्तक :** कक्षा १ देखि १० का सबै विद्यार्थीहरु र कक्षा ११ देखि १२ का दलित तथा छात्रालाई निशुल्क पाठ्य पुस्तकका लागि विद्यार्थी संख्याको आधारमा विद्यालयहरुलाई अनुदान दिने कार्यक्रम अन्तर्गत यो वर्ष रु.३,३९,७८,४५०।- बजेट विनियोजन भएकोमा रु.२,८९,८९,०००।- खर्च भएको छ । प्रति विद्यार्थी लागतको आधारमा विद्यार्थी संख्याको हिसाबमा विद्यालयहरुलाई अनुदान दिनुपर्ने प्रावधान भएकोमा कक्षा १ देखि ८ का विद्यार्थीहरुलाई जनक शिक्षा सामग्री केन्द्र लि. को २०७२।७३ को मूल्य सूचि अनुसार पाठ्य पुस्तक वापतको रकम उपलब्ध गराएको देखियो । जनक शिक्षा सामग्री केन्द्र लि. को मूल्य सूचिमा कक्षा ९देखि १० को ईच्छाधिन विषय बाहेक प्रति सेट क्रमशः रु.३५०।६० र ३०१।६० कायम गरेको र अन्य २ ईच्छाधिन विषयको अधिकतम मूल्य क्रमशः रु.५४।१० र ५९।३० तथा न्यूनतम मूल्य क्रमशः ३०।२० र २५।- कायम गरेकोले औषतमा कक्षा ९ को २ ईच्छाधिन विषयको प्रति सेट मूल्य रु. ८४।३० र कक्षा १० को रु.८४।३० कायम गर्दा कक्षा ९ को प्रतिसेट रु.४३४।९० र कक्षा १० को प्रतिसेट रु.३८५।९० मात्र मूल्य पर्ने देखिएको छ । कार्यालयले विभिन्न विद्यालयलाई कक्षा ९ र कक्षा १० को पाठ्य पुस्तकको लागि प्रति सेट क्रमशः रु.५५५।- र ५३२ ले अनुदान दिई रु.१९,८४,५८१।- बढी खर्च लेखेको असुल गर्नुपर्दछ ।

४. **प्रोत्साहन तथा सहयोग :** दलित विद्यार्थी छात्रवृत्ति, माध्यमिक शिक्षा छात्रवृत्ति, छात्रा छात्रवृत्ति, सहिदका छोराछोरीलाई छात्रवृत्ति, द्धन्दपिडीत छात्रवृत्ति, कमलरीका लागि छात्रवृत्ति, छात्रवृत्ति सिप विकास आदि अन्तर्गत प्रति विद्यार्थीको तोकिएको आधारमा छात्रवृत्ति वितरण गर्न विद्यालयहरुलाई रु.२,७०,७८,५००।-निकासा दिएकोमा कार्यालयमा रहेको फ्ल्यास रिर्पोट र केही विद्यालयको निकासा परीक्षण गर्दा ६ विद्यालयलाई दलित छात्रवृत्तिमा ३४ जनाको र ७ विद्यालयलाई छात्रा छात्रवृत्तिमा १४६ जनाको रु.७०,८१०।- बढी निकासा गरेकोले असुल गर्नुपर्दछ । अन्य विद्यालयको समेत वास्तविक निकासा हुनुपर्ने रकम यकिन गर्नुपर्दछ ।

५. **दिवा खाजा** : कार्यक्रम कार्यान्वयन पूस्तिकामा तोकिएका १४ जिल्ला लगायत सिमान्तकृत वर्गका वालवालिकाका लागि दिवा खाजा कार्यक्रम ई.सि.डि.र कक्षा १ देखि ५ का विद्यार्थी कोटाको आधारमा प्रति विद्यार्थी रु.१२।-का दरले छनौट भएका विद्यालयको खातामा निकासा दिने, कार्यालयले दिवा खाजा उपलब्ध गराएको विद्यार्थीको दैनिक हाजिरी पूस्तिकाको प्रतिलिपी संकलन गरी संख्या यकिन पश्चात निकासा दिने तथा तेस्रो चौमासिक निकासा दिदा पहिलो र दोस्रो चौमासिकमा निकासा भएको रकमको सदुपयोग भएको सुनिश्चितता गर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष रु.४,३७,१३,०००।- बजेट मध्ये रु.३,३९,५३,५००।- दिवा खाजाको लागि विभिन्न विद्यालयमा अनुदान दिएकोमा स्वीकृत लेखापरीक्षण योजना र कार्यक्रम अनुसार केही विद्यालयगत फ्ल्यास रिर्पोट र निकासाको परीक्षण गर्दा ९ विद्यालयमा रहेका विद्यार्थी संख्याभन्दा बढी २४९ जनालाई १७६ दिनको प्रतिदिन रु.१२ ले हुने रु.५,२५,८८८/- बढी अनुदान निकासा गरेकोले असुल गर्नुपर्दछ।

६. **तलब** : प्रति विद्यार्थी फण्ड का आधारमा विद्यालयलाई दिईने प्रति विद्यार्थी फण्ड तलब अन्तर्गत यो वर्ष निकासा दिएको रकम मध्ये एक नि.मा.वि.को फ्ल्यास रिर्पोट अनुसार ३४४ जना विद्यार्थी भएकोमा ३९२ जना रहेको देखाई ४८ जनाको रु.१५००।- ले रु.७२,०००।- बढी निकासा दिएकोले असुल गर्नुपर्दछ ।

७. **समाजिक परीक्षण** : विद्यालय तहमा गुणस्तरीय शिक्षा सूनिश्चितताको लागि विद्यालय सुधार योजनाको अन्तिकरण र अद्यावधिक तथा विद्यालयको लेखापरीक्षण, सामाजिक परीक्षण मार्फत उत्तरदायित्व र पारदर्शीताको लागि अनुदान वापत रु.२४,४८,०००।- बजेट विनियोजन भएकोमा ३०१ विद्यालयलाई रु.२२,४४,५००।- अनुदान दिएकोले उद्देश्य मुताविकको कार्य भए नभएको कार्यालयले अनुगमन गर्नुपर्दछ ।

८. **अनुदान** : कार्यालयले विद्यालयमा कार्यरत शिक्षक तलब भत्ताको लागि माग फारामको आधारमा सबै विद्यालयको खातामा रकम जम्मा गरी रु.५६,६०,७६,९६९।- अनुदान खर्च लेखेको छ । लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा निम्न बमोजिम भएको पाईयो ।

८.१ विद्यालयगत शिक्षक दरवन्दिको अभिलेख लेखापरीक्षणमा पेश नभएकोले अस्थाई शिक्षकको पारिश्रमिक भुक्तानी यकिन हुन सकेन ।

८.२ प्रत्येक विद्यालयको लागि निकासा गरेको रकमको विद्यालयगत खाता नराखेकोले आन्तरिक नियन्त्रण प्रभावकारी नभएकोले विद्यालयगत निकासा खाता राखी निकासा रकमलाई यथार्थ भएको सूनिश्चितता गर्नुपर्दछ।

९. **निर्माण तथा मर्मत** : निकासा भएको अनुदान रकमबाट भौतिक निर्माण कार्य सम्पन्न गरी सोको प्रतिवेदन पेश हुनुपर्दछ । यो वर्ष विद्यालयको भौतिक निर्माणको लागि विद्यालयलाई अनुदान निकासा गरी खर्च लेखेको मध्ये ८९ विद्यालयको भौतिक निर्माणमा खर्च लेखेको रु.६,७९,६२,७७५/- को निर्माण कार्यको कार्य सम्पन्न गरेको देखिएन । अतः निर्माण सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

## बबई सिंचाई आयोजना

१. **आषाढ महिनाको खर्च** : चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । कार्यालयले गरेको बार्षिक पूँजीगत खर्च रु.१०३,२१,३६,७४४।- मध्ये तेस्रो चौमासिकमा रु.७३,०४,२०,०६०।- खर्च भएको छ भने आषाढ महिनामा मात्र खर्च रु.३२,९१,३६,८७५।- खर्च भएको छ । तेस्रो चौमासिक र आषाढ महिनाको

खर्चको समग्र प्रतिशत क्रमशः ७०.७७ र ३१.८९ रहेकोले स्वीकृत कार्यक्रम र लक्ष्य बमोजिम खर्च व्यवस्थापन गर्नुपर्दछ ।

२. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावलीको नियम २०(३) मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिभित्र सम्पन्न गर्नुपर्नेमा कार्यालयले तोकिएको चौमासिक अवधिभित्र ठेक्का व्यवस्थापन नगरी जम्मा ७ वटा ठेक्का मध्ये तेस्रो चौमासिकमा ६ वटा ठेक्का सम्झौता भएकोमा ५ वटा ठेक्का २०७३ आषाढमा मात्र सम्झौता गरेको देखियो । तोकिएको अवधिभित्र ठेक्का व्यवस्थापन नहुंदा कार्य प्रगतिमा असर भई तोकिएको समयमा योजना सम्पन्न गर्न कठिन हुने भएकोले नियमको परिपालनामा ध्यान दिनुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण प्रणाली** : योजनाले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आर्थिक कार्यविधि सम्बन्धि आन्तरिक निर्देशिकाहरु, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्दछ । तालुक कार्यालयबाट निरीक्षण नभएको, जिन्सी निरीक्षण भएतापनि प्रतिवेदन कार्यान्वयन नगरेको तथा कार्यालयले उद्देश्य प्राप्तिमा आईपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेकोले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

४. **प्रगतिः-** आयोजनाबाट प्राप्त कार्यक्रम तथा प्रगति प्रतिवेदन अनुसार यो आयोजना २०४५ सालमा स्थापना भई २०७५ मा सम्पन्न गर्ने उद्देश्य साथ संचालनमा रहेको छ । आयोजनको लागि रु.१२ अर्व ५७ करोड ५३ लाख ८० हजार बजेट व्यवस्था भएकोमा यो आर्थिक वर्ष सम्ममा रु. ४ अर्व ८० करोड २० लाख ७४ हजार खर्च भएको छ । आयोजनाको कूल कार्य मध्ये मूख्य क्रियाकलापहरुको प्रगति स्थिति यस प्रकार छ ।

| क.स. | कार्य विवरण | लक्ष्य परिमाण | प्रगति परिमाण | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | नहर निर्माणको लागि जग्गा खरिद | २००५ हेक्टर | २०३ हेक्टर | १० |
| २ | हेडवर्क्स निर्माण | १ | १ | १०० |
| ३ | मूल नहर निर्माण | ७७ कि.मि. | ४७ कि.मि. | ६१ |
| ४ | नहर रिमोडलिङ्ग कार्य | २४ कि.मि. | १० कि.मि. | ४१.६७ |
| ५ | शाखा/उपशाखा नहर निर्माण | ११५० कि.मि. | २० कि.मि. | १.७४ |
| ६ | ड्रेनेज निर्माण | ४० कि.मि. | ३ कि.मि. | ७.५० |

तोकिए बमोजिम लक्ष्य प्राप्त हुने गरी कार्य संचालन गर्न ध्यान दिनुपर्दछ ।

५. **ठेक्काको म्याद थप** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मासम्झौतामा उल्लिखित अवधि भित्रमा पुरा गर्न नसकिने भएमा काबु बाहिरको परिस्थितीमा काममा ढिलाई भएको हो वा होइन लगायतका बिषयमा जांचबुझ गरी कारण मनासिव देखिएमा म्याद थप गर्न सक्ने उल्लेख छ । संचालित नहर निर्माण, तटबन्ध निर्माण, साईफन निर्माण लगायतका कार्यको ३२ ठेक्का मध्ये शाखा नहर तथा पूल निर्माणको २ ठेक्काको कार्यमा ३ पटक सम्म १०० प्रतिशत भन्दा बढी अवधिको म्याद थप गरेको, १० ठेक्काको ५० देखि १०० प्रतिशतसम्म र ४ ठेक्काको ५० प्रतिशत अवधि सम्मको म्याद थप गरेको देखियो । आयोजनाले विभिन्न मितिको निर्णय अनुसार वर्षात, रुख कटानमा समस्या, बन्द, हडताल तथा भूकम्प र ईन्धन समस्या जस्ता कारण देखाई पटक पटक म्याद थप गरेको देखियो । यसले गर्दा निर्माण व्यवसायीले तोकिएको अवधिभित्र कार्य

नगर्ने तर बारम्बार म्याद थप माग गर्ने अवस्था देखिएको छ । त्यसैले यस्तो अवस्थामा नियन्त्रण हुनुपर्दछ ।

६. **अधुरो कार्य** : संचालित ठेक्का मध्ये तोकिएको अवधिमा कार्य सम्पन्न नगरेको कारणले पूर्व निर्धारित क्षतिपूर्ति वेगर १६ निर्माण ठेक्काको म्याद थप गरेकोमा थप म्याद भित्र १ ठेक्काको कार्य सम्पन्न भएको छ । ६ ठेक्काको म्याद थप भएकोमा थप म्यादमा समेत कार्य सम्पन्न नभएकोले पुनः म्याद थप गर्नुपर्ने अवस्था रहेको पाईयो । यस्तो प्रवृत्तिमा नियन्त्रण गरी तोकिए बमोजिम कार्य सम्पन्न गर्न ध्यान दिनुपर्दछ ।

७. **असम्बन्धित खर्च** : सार्वजनिक लेखा समितिको २०६९/०१/०८ को निर्णयले निर्माण कार्यको रेखदेख सुपरभिजन तथा अन्य कार्य गर्न बजेटमा ब्यवस्था गरि श्रोत साधन ब्यवस्थापन गर्ने, ठेक्काको विल अफ क्वान्टिटीमा सवारी साधन सुविधा तथा ल्यापटप राखेर निर्माण ब्यवसायीलाई भुक्तानी गर्ने विषयमा नियन्त्रण गर्ने उल्लेख गरेतापनि यो आयोजनाले गत विगतका चार ठेक्कामा रु.१,५५,१९,४२०।- मूल्यका गाडी भाडा, मोटरसाईकल भाडा तथा ल्यापटप खरिदको सुविधा मूल्य परिमाण सूचीमा राखेर निर्माण ब्यवसायीलाई भुक्तानी गर्ने गरी यो वर्ष रु.४९,१५,६७४।- सहित हालसम्म रु.१,००,९९,२३४।- भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

७.१. **बढी दरमा लागत अनुमान** : आयोजनाको निर्माणका लागि प्रयोग हुने नर्म्समा एकरुपता हुनुपर्दछ । सडक विभागले समसामयिक रुपमा नर्म्स संसोधन गरे पनि यस आयोजनाले सिंचाइ विभागको २००२ को मेनुयल पद्धतिको नर्म्स प्रयोग गरि लागत अनुमान तयार गरेको छ । आयोजनाको फिल्ड निरीक्षण गर्दा संचालित ठेक्काहरुको कंक्रीटको कार्य ब्याचिङ प्लान्ट प्रयोग गरी निर्माण भएको छ । मेनुयल पद्धतिबाट श्रमिकले कंक्रिट बनाउने कार्यमा परिवर्तन भई कंक्रिट मिक्चर्सको प्रयोग हुदै हाल ब्याचिङ प्लान्टको प्रविधिले कंक्रिट निर्माण कार्य भईरहेको अवस्थामा उपकरणको प्रयोगले निर्माण लागत घट्दै जानुपर्नेमा मेनुयल नर्म्स प्रयोग गरि बढी श्रमशक्तिको खपत देखाएर आयोजनाको ईष्टिमेट बढाउदै गएको देखियो । यस प्रकार दुई निकायले स्वीकृत गरेको नर्म्सको मेनुयल पद्धतिमा पनि एकरुपता आएको छैन । सडक विभागको स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको वी.ओ.क्यू.मा समावेश भएको कंक्रिट एम.२० मास कंक्रीट संरचनाको मात्र गणना गर्दा यस आयोजनामा यो वर्ष चालु रहेको १ अर्न्तराष्ट्रिय ठेक्काको मात्र रु.६,१८,८१,४८६।- ब्ययभार बढ्ने गरि लागत अनुमान स्वीकृत भएको छ । अझै ब्याचिङ प्लान्टको प्रयोगले श्रमिक लागत घट्न जाने अवस्थामा सोको प्रयोग हुने गरि लागत अनुमान तयार भएको छैन । लागत अनुमान स्वीकृत गर्दा मेनुयल पद्धतिबाट गणना गरि लागत अनुमानको अङ्क बढाउने र निर्माण कार्यमा उपकरण प्रयोग गर्ने अवस्थालाई मध्यनजर गरी आयोजनाको ठेक्का ब्यवस्थापनमा मितव्ययिता ल्याउन मेशिनबाट कार्य गर्ने नर्म्स तयार गरी सो को आधारमा लागत अनुमान तयार गर्न आयोजना एवं तालुक निकायको ध्यानाकर्षण गर्नुपर्दछ ।

८. **यन्त्र उपकरण** : पश्चिम मूख्य नहरको (२०+२५०-२८+३८०) को काम मध्ये एक्साभेटर, लोडर, ट्रिपर, लोडर, ट्रक, रोलर, पानी ट्याङ्की, दक्ष अदक्ष श्रमिक आदि वापत रु.३८,९५,७४०।-(मुल्य अभिवृद्धि कर वाहेक) को लागत अनुमान तयार गरी रु.३०,१२,०००।-(मुल्य अभिवृद्धि कर वाहेक) ठेक्का सम्झौतामा समावेश गरी एक निर्माण व्यवसायीसंग रु.५४,१९,२२,१९१।- को सम्झौता २०७२।०३।०६ मा भएको छ । यो वर्ष उक्त रकमको भुक्तानी नभए तापनि फरक रुपमा ती यन्त्र उपकरण र लेवर खर्च राखिनुको औचित्यपूर्ण कारण लेखापरीक्षणमा प्रस्तुत भएन ।

९. **मूल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा तोकिएको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । जि.आई.एस.

ट्र्याकिङ्ग वापत एक परामर्शलातालाई रु.२,९०,९७५।- भुक्तानी गरेकोमा कर बीजक वेगर मूल्य अभिवृद्धि कर रु.३३,४७५।- समेत भुक्तानी भएकोले असुल गर्नुपर्दछ ।

१०. **वीमाको अवधि :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाण पत्र जारी गरिएको मिति सम्म र त्रुटि सच्याउने अवधि सम्मको लागि निर्माण सामग्री, उपकरण र निर्माण कार्यमा सहभागी हुने कामदार समेतको वीमा गराउनुपर्ने व्यवस्था छ । आयोजना अन्तर्गतका अधिकांश ठेक्कामा सम्झौता अनुसारको अवधिभित्र कार्य सम्पन्न हुन नसकि म्याद थप गर्दा वीमाको अवधि थप गरेको देखिएन । म्याद थपको निर्णय हुँदा नियम तथा सम्झौताका सवै व्यवस्थाको पालना हुनुपर्दछ ।

११. **पेश्की जमानत :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८२ मा कुनै कामको ठेक्का स्वीकृति भईसकेपछि निर्धारित शर्त बमोजिम लिएको पेश्की फछ्र्यौट गर्ने म्याद बढाउनुपर्ने विशेष परिस्थिति पर्न आएमा म्याद थप गर्दा जमानतको म्याद नाघ्ने भएमा त्यसको म्याद समेत बढाउनुपर्ने व्यवस्था छ । आयोजनाले ६ ठेक्का वापत विभिन्न निर्माण सेवालाई पेश्की दिएकोमा सो वापतको बैंक जमानतको म्याद समाप्त भएको अवस्था देखियो । सम्बन्धित बैंकलाई आयोजनाले म्याद थप गर्न वा जमानी रोक्काको लागि लेखि पठाएको छ । जमानतको म्याद समाप्त हुनु अगावै नविकरण गर्ने कारबाही गर्नु पर्दछ ।

१२. निर्मित संरचनाको गुणोस्तर : बाढीग्रस्त क्षेत्र संरचना पूनर्निर्माणको लागि एक निर्माण व्यवसायीसंग लागत अनुमान रु.९,४२,७३,१२४।- को काम रु.५,७२,३४,१४३।- मा सम्पन्न गर्ने गरी २०७१।१०।२१ मा सम्झौता भएकोमा अन्तिम वीलसम्म रु.५,६३,४९,८५५।- को काम गरी खर्च लेखिएको छ । उक्त कार्यको स्थलगत अवलोकन गर्दा नदी तटबन्ध अन्तर्गत विभिन्न निर्मित संरचनाहरु (ग्यावियन बक्स) भत्केको तथा विग्रेको अवस्था देखिएको छ । निर्माण कार्यको डिजाईनमा कमजोरी भएको हो वा निर्माण कार्यमा कमजोरी भएको हो यकिन गरी भत्किएको संरचना मर्मत सुधार गरी निर्मित ईम्बेङ्कमेन्ट को संरक्षण गर्नुपर्दछ । निर्माण व्यवसायीको कमजोरीको कारणबाट संरचना भत्किएको देखिएमा निजले यस आयोजनामा राखेको धरौटीबाट निर्माण मर्मत तथा सम्भार गर्नुपर्दछ ।

१३. **स्वीकृति :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (६क) मा विभाग वा कार्यालयको कर्मचारीलाई सात दिनभन्दा बढी अवधिको लागि काजमा खटाउँदा एक तहमाथिको पदाधिकारीको स्वीकृति लिनु पर्ने व्यवस्था छ । सिंचाई विभागमा दरवन्दीमा रहेका एक सि.डि.ई.ले २०७३।०२।०९ देखि २०७३।०२।२९ सम्म यस आयोजनामा काजमा रही रु.२२,४००।- दैनिक भत्ता भुक्तानी गरेकोमा उल्लिखित व्यवस्था अनुसार एक तह माथिको पदाधिकारीको स्वीकृति नलिएकोले खर्च नियमित हुनुपर्दछ ।

१४. **अन्तिम विल भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८(२) बमोजिम समयमा कार्य सम्पादन हुन नसके वापतको पूर्व निर्धारित क्षतिपूर्ति प्राप्त गर्ने, सम्झौता बमोजिमको काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने अनुसांङ्गिक क्षतिपूर्ति गराउने र प्रचलित कानुन वा खरिद सम्झौता बमोजिम उपलब्ध हुने अन्य उपचार गर्न सकिने व्यवस्था छ । एक ठेक्कामा बाढीग्रस्त क्षेत्र पूनर्निर्माणको लागत अनुमान रु. १२,०६,९२,९१६।- को काम रु.७,३४,३५,२०८।- मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसंग २०७१।१०।२१ मा सम्झौता भएकोमा छैठौं तथा अन्तिम वील सम्मको रु.६,३३,०२,३२३।- को मात्र कार्य सम्पन्न गरेको आधारमा अन्तिम वील वापतको रु.१,४८,१४,५३८।- भुक्तानी गरेको देखियो । सम्झौतामा तोकिए बमोजिम रु.१,०१,३२,८८५।- को काम बांकी रहेको अवस्थामा अन्तिम वील भुक्तानी भएको तथा सो कार्यको सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । निर्माण व्यवसायीसंग बांकी रहेको मोविलाईजेशन पेश्की

रु.२०,००,०००।- २०७३।०४।१२ मा बेरुजु खातामा दाखिला गरेको देखियो । निर्माण व्यवसायीले राखेको कार्य सम्पादन जमानत रु.४४,०७,०००।- को म्याद २०७४।०७।०८ सम्म रहेकोले निर्माण कार्य सम्पन्न नभएसम्म रोक्का राखी सम्झौतामा उल्लिखित परिमाणको काम सम्पन्न नगरेकोले उल्लिखित प्रावधान अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।

१५. **कन्टिन्जेन्सी खर्च** : अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको २०७०/१/२४ को कन्टिन्जेन्सी रकम खर्च गर्ने वारेको परिपत्र अनुसार कार्यालयको लागि सार्वजनिक निर्माण शिर्षकमा बिनियोजित बजेट खर्च गर्ने सिलसिलामा निर्माण कार्यको लागत तयार गर्दा समावेश गरिने ५ प्रतिशत कन्टिन्जेन्सी वापतको रकमबाट २ प्रतिशत रकम आवश्यकता अनुसार फर्निचर, सवारी साधान, मेशीनरी औजार, सफ्टवेयर निर्माण जस्ता पुंजी निर्माण तथा खरिद सम्बन्धी शिर्षकहरुमा अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमति लिई खर्च गर्न सकिने गरी ०७०/१/१५ मा मन्त्रिस्तरीय निर्णय भएकोले सोही अनुसार कार्य व्यवस्था गर्ने गरी परिपत्र भएको छ । आयोजनाले यसवर्ष खर्च लेखेको रु.९८,६५,१७,७५९।- मा कन्टिन्जेन्सीको रकम रु.३,८५,८६,८०३।- घटाउँदा हुने रु.९४,७९,३०,९५६।- को २ प्रतिशतले हुने रु.१,८९,५८,६१९।- सम्म स्वीकृती लिई पूंजीगत कार्यमा खर्च गर्न सक्ने मध्ये भवन निर्माण, कम्पाउण्ड वाल निर्माण, ल्यापटप, फर्निचर खरिद जस्ता अन्य पुंजीगत प्रकृतिको कार्यमा रु.६३,७१,४१९।- को खर्च गर्दा अर्थ मन्त्रालयको स्वीकृति लिएको देखिएन । अतः कन्टिन्जेन्सी खर्च व्यवस्थापन सम्बन्धमा ध्यान दिनुपर्दछ ।

१६. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार १४ निर्माण व्यवसायी तथा एक सरकारी कार्यालयलाई दिइएको मोविलाईजेशन तथा अन्य पेश्की रु.११,८२,५७,५९५/- तोकिएको म्यादभित्र नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्दछ ।

१७. **पुरानो पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८१(२) मा तालुक निकायमा पेश्कीको फाँटवारी प्राप्त भएपछि सम्बन्धित विभाग वा मन्त्रालयले पेश्कीको लगत राखी म्यादभित्र पेश्की फछ्र्यौट नगर्ने नगराउनेलाई नियम ७९ र ८४ बमोजिम कारवाही गर्नुपर्ने व्यवस्था छ । विगत लामो अवधिदेखि विभिन्न ४ वटा संस्थाको नाममा रु.११९०३४५/- पेश्की बांकी रहेको देखिएकोले पेश्की फछ्र्यौट गर्न गराउन सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ ।

१८. **धरौटी फिर्ता** : अर्थ मन्त्रालय, राजश्व महाशाखाको च.नं. ३६९ मिति २०६९।०६।१७ को परिपत्रमा अन्तिम भुक्तानी वा कुनै धरौटी फिर्ता गर्नुपूर्व भुक्तानी लिएको रकम र मुल्य अभिवृद्धि कर सम्बन्धित ठेकेदार वा आपुर्तिकर्ताले कर विवरणमा समावेश गरे नगरेको तथा निजको नाममा अन्य कुनै कर बक्यौता भए नभएको सम्बन्धमा त्यस्ता करदाता दर्ता रहेको आन्तरिक राजश्व कार्यालयबाट यकिन गरि मात्र भुक्तानी गर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित प्रावधान विपरीत कर समायोजन पत्र वेगर २ निर्माण व्यवसायी तथा सप्लायर्सलाई रु.१,०६,९७३।- फिर्ता गरेको नियम सम्मत नदेखिएकाले नियमको पालनामा ध्यान दिनुपर्दछ ।

## कर्णाली नदी व्यवस्थापन आयोजना

१. **अख्तियारी सम्बन्धमा** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ (१) र (२) मा बजेट विवरण र खर्चगर्ने अख्तियारी पत्र प्राप्त भएको १५ दिनभित्र सम्बन्धित सचिवले विभागीय प्रमुखलाई र विभागीय प्रमुखले मातहत कार्यालय प्रमुख वा कार्यक्रम सञ्चालन गर्ने कार्यालय प्रमुखलाई कार्यालयगत बजेट विवरण, स्वीकृत कार्यक्रम र खर्च व्यहोर्ने स्रोत खोली बजेट खर्च गर्ने अख्तियारी पठाउनु पर्ने व्यवस्था छ । योजनालाई प्राप्त रु.३८,८०,००,०००।- मध्ये रु.१६,८०,००,०००।- को खर्च गर्ने अख्तियारी २०७३ आषाढमा मात्र प्राप्त भएको देखियो ।

खर्च गर्ने अख्तियारी समयमा प्राप्त नहुदा बजेटको प्रभावकारी उपयोग हुन कठिन हुन भएकोले तोकिए बमोजिम समयमै खर्च गर्ने अख्तियारी प्राप्त गरी कार्य सम्पन्न गर्नु पर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : योजनाले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आर्थिक कार्यविधि सम्बन्धि आन्तरिक निर्देशिकाहरु, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्दछ । जिन्सी निरीक्षण गरेतापनि प्रतिवेदनमाथि कारवाही नभएको, तालुक कार्यालयबाट निरीक्षण नभएको, उद्देश्य प्राप्तिमा आईपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं. २ नराखेको तथा सवारी साधन मर्मत गर्दा फेरिएका पुरानो सामानहरु दाखिला नगरेको देखियो । यसले गर्दा कार्यालयको आन्तरिक नियन्त्रण कमजोर देखिएको छ । प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

३. **आषाढ महिनाको खर्च** : चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । कार्यालयले गरेको बार्षिक पूंजीगत खर्च रु.३५,१९,१८,७७१।- मध्ये तेस्रो चौमासिकमा रु.२७,१८,४६,२३८।- खर्च भएको छ भने आषाढ महिनामा मात्र रु.१३,४२,३६,८२२।- खर्च भएको छ । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमश: ७७.२५ र ३८.१४ रहेकोले स्वीकृत कार्यक्रम र लक्ष्य बमोजिम खर्च व्यवस्थापन गर्नुपर्दछ ।

४. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावलीको नियम २०(३) मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ । आयोजनाले नदी व्यवस्थापनको लागि जम्मा ६ ठेक्का मध्ये २ ठेक्का प्रथम चौमासिकमा तथा ४ ठेक्का तेस्रो चौमासिकमा गरेकोले तोकिएको अवधिभित्र ठेक्का व्यवस्थापन नहुंदा कार्यप्रगतिमा असर भई तोकिएको समयमा योजना सम्पन्न गर्न कठिन हुने भएकोले नियमको परिपालनामा ध्यान दिनुपर्दछ ।

५. **समग्र प्रगतिको स्थिति** : कर्णाली नदीको दाँयातर्फको केही भाग र बाँयातर्फ गरी ४३ कि.मि. लम्बाईको तटबन्ध निर्माण गर्ने समग्र लक्ष्य मध्ये २०७३ भाद्र सम्ममा १० प्याकेजबाट ५.२३२ कि.मि. तटबन्ध निर्माण गरी स्लोपिङ्ग, रिवेटमेन्ट, २४ स्पर, ९१ स्टड र ८ वटा ए.एफ.एस. निर्माण सम्पन्न गरी रु.२९,०९,०६,१६८।- खर्च भएको छ । यसैगरी ६ प्याकेजबाट १.८५ कि.मि. तटबन्ध, १० स्पर, ३९ स्टड र ३ ए.एफ.एस. को निर्माण हुदै गरेको छ । काम हुदै गरेको ६ प्याकेजमा २०७३ भाद्रसम्ममा रु.२१,४३,४८,२८२।- खर्च भएको तथा आयोजनामा हालसम्म रु.५०,५२,५४,४५०।- प्रत्यक्ष निर्माण कार्यमा खर्च भएको छ ।

५.१. **निर्माणकार्यको म्याद थप** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परि खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित अवधि भित्रमा पुरा गर्न नसकिने भएमा सम्वन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा ७ दिन अगावै अवधि थपको लागि निवेदन दिनु पर्ने, निवेदन प्राप्त भएपछि निर्माण व्यवसायीले समयमै काम सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको थियो वा थिएन, काबु बाहिरको परिस्थितीमा काममा ढिलाइ भएको हो वा होइन लगायतका बिषयमा जांचबुझ गरी कारण मनासिव देखिएमा म्याद थप गर्न सक्ने उल्लेख छ । आयोजनाले भुकम्प, कर्णाली नदीमा २०७१।३।११ मा आएको बाढीले डाइभर्सन तथा बफरड्याम बगाएको, मध्यबर्ति क्षेत्रको तराई बन्द र ईन्धन समस्याको कारण देखाई तटबन्ध निर्माणका १० ठेक्का प्याकेजका

कार्यमा निर्माण व्यवसायीले माग गरे बमोजिम आयोजना तथा विभागीय प्रमुखबाट २ पटक गरी १२१ प्रतिशतसम्म म्याद थप गरी निर्माण कार्य गरेको देखियो ।

६. **टुक्रा गरी खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । यसैगरि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम दश लाख रुपैंया भन्दा बढी मूल्यका सामान बोलपत्र र तीन लाख रुपैंया भन्दा बढी पर्ने सामान सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था छ ।

६.१. आयोजनाले डिजिटल म्याप तथा वृत्तचित्र तयारीको काम लागत अनुमान तयार गरी एकै पटक प्रतिसपर्धाबाट गर्दा हुने कामलाई टुक्रा गरी ६ परामर्शदाताबाट सोझै काम गराई रु.१४,५५,९०८।- खर्च लेखेको देखिएकोले नियमको परिपालना भएको पाईएन ।

६.२. अर.सि.सि. पर्क्युपाईन पोल मर्मत तथा फिटिङ्ग, खाली सिमेन्ट बोरा तथा नाईलन जाली खरिद गर्दा कामलाई टुक्रा गरी रु.३८,०१,४५६।- को सामान ५ निर्माण व्यवसायीबाट सोझै खरिद गरेकोले नियमको पालना गरेको देखिएन । नियममा तोकिए बमोजिम खरिद हुनुपर्दछ ।

७. **वातावरणीय परीक्षण** : एक कन्सल्टेन्सी सर्भिसलाई कर्णाली नदीको प्रारम्भिक वातावरणीय परीक्षण वापत रु.२,९१,६६३।- भुक्तानी गरिएको छ । जिल्ला विकास समितिको कार्यालय, बर्दियाले कर्णाली र गेरुवा नदीको प्रत्येक वर्ष प्रारम्भिक वातावरणीय परीक्षण गर्दै आएकाले सो निकायसंग समन्वय नगरी काम गर्दा थप व्ययभार परेको देखियो । यसैगरी उक्त कार्यको लागत अनुमान तयारी वेगर सोझै परामर्शदाता नियुक्त गरी खर्च लेखेको छ । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

८. **अन्य कार्यालयको खर्च** : कार्यालयले कार्यक्रम तथा बजेटमा तोके बमोजिम कार्यालयको काममा बजेट खर्च गर्नुपर्दछ । आयोजनामा दरवन्दि नरहेका कर्मचारीहरुलाई आयोजनाको बजेटबाट दैनिक तथा भ्रमण भत्ता वापत रु.२७,९००।- खर्च लेखेको देखियो । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

९. **कन्टिन्जेन्सी खर्च** : अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको २०७०/१/२४ को कन्टिन्जेन्सी रकम खर्च गर्ने वारेको परिपत्र अनुसार कार्यालयको लागि सार्वजनिक निर्माण शिर्षकमा बिनियोजित बजेट खर्च गर्ने सिलसिलामा निर्माण कार्यको लागत तयार गर्दा समावेश गरिने ५ प्रतिशत कन्टिन्जेन्सी वापतको रकमबाट २ प्रतिशत रकम आवश्यकता अनुसार फर्निचर, सवारी साधान, मेशीनरी औजार, सफ्टवेयर निर्माण जस्ता पुंजी निर्माण तथा खरिद सम्बन्धी शिर्षकहरुमा अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमति लिई खर्च गर्न सकिने गरी मिति ०७०/१/१५ मा मन्त्रिस्तरीय निर्णय भएकोले सोही अनुसार कार्यव्यवस्था गर्ने गरी परिपत्र भएको छ । कार्यालयले यसवर्ष रु.३८,७३,७७२।- भवन निर्माण, कम्पाउण्ड वाल निर्माण जस्ता पुंजीगत प्रकृतिको कार्यमा खर्च गर्दा अर्थ मन्त्रालयबाट सैद्धान्तिक स्वीकृति लिएको देखिएन । त्यसैले नियमानुसार खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१०. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार विभिन्न निर्माण कार्यको लागि ५ निर्माण व्यवसायीलाई भुक्तानी भएको मोविलाईजेशन पेश्की रु.६,३१,७८,०००।- फछ्र्यौट हुन बांकी रहेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

११. **धरौटीफिर्ता** : अर्थ मन्त्रालय, राजश्व महाशाखाको २०६९।०६।१७ को परिपत्रमा अन्तिम भुक्तानी वा कुनै धरौटी फिर्ता गर्नु पूर्व भुक्तानी लिएको रकम र मुल्य अभिवृद्धि कर सम्बन्धित ठेकेदार वा आपुर्तिकर्ताले कर विवरणमा समावेश गरे नगरेको तथा निजको नाममा अन्य कुनै कर बक्यौता भए नभएको सम्बन्धमा त्यस्ता करदाता दर्ता रहेको आन्तरिक राजश्व कार्यालयबाट यकिन गरि

मात्र भुक्तानी गर्ने व्यवस्था छ। कार्यालयले ११ फर्महरुलाई कर समायोजन पत्र वेगर रु.४,४३,६००।- फिर्ता गरेको नियम सम्मत नदेखिएकाले मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नुपर्दछ।

## सिंचाई विकास सव डिभिजन

१. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा कुनैपनि कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आर्थिक कार्यविधि सम्बन्धि आन्तरिक निर्देशिकाहरु, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्दछ। कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली सुढृढ बनाउनु पर्नेमा तालुक कार्यालयबाट निरीक्षण नभएको, वार्षिक खरिद योजना तयार गरेपनि सो अनुसार काम नगरेको तथा उद्देश्य प्राप्तिमा आईपर्ने सम्भावित जोखिमहरु पहिचान समेत नगरेकोले आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गराउने तर्फ उचित व्यवस्थापन गर्नु पर्दछ।

२. **चौमासिक तथा आषाढ महिनाको खर्च** : चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ। कार्यालयले गरेको बार्षिक पूँजीगत खर्च रु.४,९८,१४,३८९।- मध्ये तेस्रो चौमासिकमा रु. ३,६९,४९,४९३।- खर्च भएको छ भने आषाढ महिनामा मात्र रु. ३,४२,७२,४९५।- खर्च भएको छ। तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमश: ७४.१७ र ६८.८० रहेकोले स्वीकृत कार्यक्रम र लक्ष्य बमोजिम खर्च व्यवस्थापन गर्नुपर्दछ।

३. **मझौला सिंचाई आयोजना** : सिंचाई कुलो निर्माण गर्दा निर्माण कार्यको शुरु गर्ने स्थान देखि अन्तिम स्थानसम्म सिंचाई कुलोको लम्बाईको आधारमा चेनेज नं. यकिन गरि निर्माण कार्यको थालनी गर्नुपर्दछ। रेहुखोला सिंचाई आयोजना उपभोक्ता समिति मार्फत रु.२१,०४,७०८।- को काम भएको मध्ये रु.१,०९,७५६।- (५.२१%) समितिको योगदान कटाई रु.१९,९४,९५३।- खर्च लेखिएको छ। सोही योजनाको काममा ब.उ.शि.नं. ३,५७१,१८४ बाट समेत रु.१५,१५,१८७।- को काम गराई रु.१३,११,९३४।- खर्च गरेको पाईयो। कार्यालयले काम गरेको स्थानको चेनेज नम्बर नखुलाएकोले दुई ब.उ.शि.नं. बाट गरेको कामको स्थान यकिन नहुँदा दुवै काम फरक स्थानमा गरेको सुनिश्चितता हुन सकेन। अत: निर्माण कार्य स्थानको चेनेज नं. कायम गरी कार्य सम्पादन गर्नुपर्दछ।

नेउलापुर-कर्मला सिंचाई आयोजनाको अन्तिम बिल वापत यो वर्ष एक कन्स्ट्रक्सन फर्म प्रा. ली. लाई रु.१६,१७,७५३।- भुक्तानी गरी कार्य सम्पन्न प्रतिवेदन तयार भएको छ। लागत अनुमान रु.१,८०,१९,४९८।- को काम रु.१,४९,१५,३६४।- मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा रु.१,३९,७६,३७३।- भुक्तानी गरी कार्यसम्पन्न प्रतिवेदन तयार भएको छ। सम्झौतामा उल्लेख भएको प्रयोगशाला परीक्षण र एज बिल्ट ड्रईङ्ग पेश नगरी सम्पन्न प्रतिवेदन तयार गरेको देखियो। सम्भौताको पालना हुनुपर्दछ।

४. **सिंचाई तथा जलश्रोत व्यवस्थापन** : अम्वासा-बलाँती सिंचाई योजना अन्तर्गतको काम उपभोक्ता समितिबाट गर्ने गरी २०७३।०२।१२ मा सम्झौता भएकोमा समितिबाट रु.११,६१,९४२।- को काम गरी रु.८,७३,९४६ भुक्तानी भएको छ। यसै योजनामा निर्माण सेवालाई रु.२,०३,६९,५००।- को ठेक्का सम्झौता भई पहिलो रनिङ बिल वापत रु.५१,११,५३१।- भुक्तानी भएको छ। निर्माण कार्यको चेनेज नम्बर नखुलेकाले उपभोक्ता समितिबाट भएको काम र निर्माण व्यवसायीबाट भएको कामको स्थान यकिन भएन।

बाटुले-कुरुले सिंचाई आयोजनाको लागत अनुमान रु.१७,६०,०२३ को काम उपभोक्ता समितिबाट गर्ने गरी समितिको योगदान रु.१,६०,०६२।- सहितको सम्झौता भएकोमा समितिबाट रु.६,७९,८८५।- को मात्र कार्य सम्पन्न गरी र.६,४४,४०३।- भूक्तानी गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखियो । सम्झौता बमोजिमको काम सम्पन्न नगरी सम्पन्न प्रतिवेदन तयार गरेको, कामको चेनेज नम्बर नखुलेको तथा ब.उ.शि.नं. ३५,७१,१८४ समेत यहि योजनामा रु.९,०१,८९९।- खर्च गरेकोले संलग्न अभिलेखले काम भएको वास्तविक स्थान यकिन हुन सकेन । अतः चेनेज नम्बर खुलाई सम्झौता बमोजिमको कार्य सम्पादन गर्नुपर्दछ ।

५. **नयाँ प्रविधिमा आधारित आयोजना** : लागत अनुमान रु.१७,०२,१७७।- को आँपखोली सिंचाई आयोजना निर्माणको लागि उपभोक्ता समितिसँग २०७३।०१।२० मा शुरु गरी २०७३।०३।२५ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा दोस्रो रनिङ्ग विल सम्म रु.११,०२,५१८।- भुक्तानी भैसकेकोमा सम्झौताको मितिभित्र कार्य सम्पन्न भएको देखिएन साथै लेखापरीक्षण अवधि २०७३।०९।२७ सम्म पनि स्थिति यथावत देखिएकोले सम्झौता बमोजिमको काम गराउन कार्यालयले नियम अनुसार आवश्यक कारवाही गर्नुपर्ने देखिन्छ ।

लागत अनुमान रु.२५,६५,८६०।- को घट्टेखोला सिंचाई योजना निर्माणको लागि उपभोक्ता समितिसँग २०७३।०१।२० मा शुरु गरी २०७३।०३।२५ मा काम सम्पन्न गर्ने गरी सम्झौता भएकोमा प्रथम रनिङ्ग विल बाट रु.१४,८८,७६६।- तथा कार्यसम्पन्न भएको देखाई अन्तिम रनिङ्ग विल बाट रु.३,३३,८१०।- गरी जम्मा रु.१८,२२,५७६।- भूक्तानी लिए पनि कार्यसम्पन्न भएको देखिएन । तोकिएको मितिभित्र कार्यसम्पन्न नगरेकोमा सम्झौता अनुसारको कारवाही गरि कार्यसम्पन्न गर्नुपर्दछ ।

६. **कन्टिन्जेन्सी खर्च** : २०७०।१।१५ को अर्थ मन्त्री स्तरीय निर्णय अनुसार कन्टिन्जेन्सी बापतको रकम मध्येबाट २ प्रतिशत रकम आवश्यकता अनुसार फर्निचर, सवारी साधन, मेशिनरी औजार, सप्टवेयर निर्माण, खरिद जस्ता पूँजीगत निर्माण तथा सम्पत्ति सम्बन्धी शीर्षकमा अर्थ मन्त्रालयबाट अनिवार्य रुपमा सैद्धान्तिक स्वीकृत लिई खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले यो वर्ष रु.५,६२,२७८/- पूँजीगत प्रकृतिको खरिदमा र रु.१८,१३,३१४/- अन्य सानातिना कार्यमा खर्च गरेको देखियो । यो वर्ष बजेट उपशिर्षकहरुमा रु.५,१७,१५,१००।- खर्च भएकोले सो को ३ प्रतिशतले हुने रु.१५,५१,४५३।- मात्र अन्य सानातिना कार्यमा खर्च गर्नुपर्ने तथा पुँजीगत प्रकृतिको कार्यमा खर्च गरेको रु.५,६२,२७८।- अर्थ मन्त्रालयबाट सैद्धान्तिक स्वीकृत नलिएकोले तोकिए भन्दा अन्य सानातिना खर्चमा रु.२,६१,८६१।- तथा सैद्धान्तिक स्वीकृति नलिई खर्च गरेको रु.५,६२,२७८।- समेत रु.८,२४,१३९।- खर्च गर्दा उल्लेखित व्यवस्थाको पालना गरेको देखिएन । अतः कन्टिनजेन्सी खर्च व्यवस्थापन र अभिलेख राख्न ध्यान दिनुपर्दछ ।

७. **पेश्की बांकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा नियमावली बमोजिम दिइएको पेश्की तोकिएको म्यादभित्र नियमावलीको कार्यविधी अपनाई फछ्र्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुने व्यवस्था छ। कार्यलयले आर्थिक बर्षको अन्त्यसम्म रु.१,६२,६८,०००/- पेश्की फछ्र्यौट गरेको छैन । पेश्की बाँकी रकम नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

## जिल्ला हुलाक कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक

नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा कार्यालयले जिन्सी निरीक्षण प्राप्त गरेको प्रतिवेदन अनुसार जिन्सी सामानको लिलाम वा मर्मत नगरेको, तालुक कार्यालयबाट निरीक्षण नभएको तथा कार्यालयकको उद्देश्य प्राप्तिमा आईपर्ने सम्भावित जोखिमहरुको पहिचान नगरेकोले आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरण र प्रभावकारी सञ्चालनका लागि यथोचित ध्यान नपुऱ्याएको कारण उल्लेखित व्यहोराहरुमा सुधार भएको पाइएन । अतः कानूनी व्यवस्था अनुसरण गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **भवन निर्माण** : कार्यालय भवन निर्माणको लागत अनुमान रु.२,०९,४६,२५१।- को काम एक निर्माण व्यवसायीबाट २०७३।०९।२१ मा सम्पन्न गर्ने गरी २०७२।०३।२२ मा रु.१,६६,९९,२४९।-को ठेक्का सम्झौता भएकोमा पहिलो रनिङ्ग बिल वापत रु.३४,५३,२०८।- भुक्तानी भएकोमा प्रोभिजनल सम मा राखी सम्झौता भएको ल्याबोरेटरी परीक्षण वापतको रु.५१,०७६।- खर्च लेखेकोमा सो को बिल लिएको नदेखिएकोले असुल गर्नुपर्नुपर्ने तथा सम्झौता अनुसार २०७३।०९।२१ मा भवन निर्माणको कार्य सम्पन्न गर्नुपर्नेमा सो मिति भित्र कार्य सम्पन्न गरेको देखिएन । सम्झौता अनुसार समयमा कार्य सम्पन्न गर्नुपर्दछ ।

३. **पेश्की बांकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा नियमावली बमोजिम दिईएको पेश्की तोकिएको म्यादभित्र नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले पेश गरेको आर्थिक विवरण अनुसार एक निर्माण व्यवसायीको नाममा रहेको पेश्की आर्थिक वर्षको अन्तसम्म पनि रु.३३,३०,०००/- फछ्र्यौट गरेको छैन । अतः नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **बैक मौज्दात** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको कार्यालयले आफ्नो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले आर्थिक वर्षको अन्त्यमा स्रेस्ता अनुसार रु.८,३१,२८,०२४।- बैंक मौज्दात रहेकोमा बैंक विवरण अनुसार रु.१४,१०,५४,२८१।- देखिएकोले रु.५,७९,२६,२९७- बढी देखाएको छ । यसरी बैंक रकम बढी भएकोमा कार्यालयले चेक काटेको तर बैंक बाट भुक्तानी नभएको रु.५,७१,०५,२२९।- समायोजन गर्दा रु.८,२१,०२८।- श्रेस्तामा बैंक मौज्दात घटी देखिएको सम्बन्धमा आवश्यक छानबिन एवं कारबाही गरी टुंगो लगाउनु पर्दछ ।

२. **आन्तरिक नियन्त्रण व्यवस्था** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५, स्थानीय स्वायत्त शासन ऐन, २०५५, नियमावली, २०५६, स्थानीय आर्थिक प्रशासन नियमावली, २०६४ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ लगायतका कानून बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी निरीक्षण गरी प्रतिवेदन लिएको भएता पनि सो माथि कारवाही नगरेको, तालुक कार्यालयबाट निरीक्षण नभएको, उद्देश्य प्राप्तिमा आईपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, राजश्व आम्दानीको गोश्वारा भौचर राख्ने नगरेको, आन्तरिक आय असुली गर्दा रसिद नियन्त्रण खाता नराखेको तथा आयतर्फ नियमावलीले तोकिएको अनुसूची १०,११,१२,१४ र १५ प्रयोग नगरेको देखियो । आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गराउने तर्फ उचित व्यवस्थापन गर्नु पर्दछ ।

३. **योजनाको प्रगति** : कार्यालयको लागि यो वर्ष स्वीकृत भएका कार्यक्रमहरु चौमासिक रुपमा संचालन गरि तोकिए बमोजिम आर्थिक तथा भौतिक प्रगति गर्नुपर्दछ । यो वर्ष स्वीकृत ३४७ योजनामध्ये १२ योजनाको कुनै प्रगति गरेको देखिएन । १ योजनाको २५ प्रतिशत मात्र प्रगति भएको, २ योजना ५० प्रतिशत सम्म र ७ योजना ७५ प्रतिशत सम्म मात्र भौतिक प्रगति गरेको देखियो । जिल्ला परिषदले स्वीकृत गरे अनुसार कार्यालयले योजना कार्यान्वयन गर्नुपर्दछ ।

४. **आन्तरिक लेखापरीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५७ अनुसार गठित आन्तरिक लेखापरीक्षण शाखाले ५८(क) अनुसार जिल्ला विकास समितिको मासिक रुपमा र ५८(ग) अनुसार गाउं विकास समितिको आन्तरिक लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र गर्ने व्यवस्था छ । सो शाखाले कार्यालयको कारोबारको नियमित रुपमा आन्तरिक लेखापरीक्षण नगरी वर्षको अन्त्यमा मात्र गर्ने गरेको छ । तोकिए अनुसार आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराई आन्तरिक नियन्त्रण प्रणाली भरपर्दो प्रभावकारी बनाउनु पर्दछ ।

५. **बेरुजू लगत र सम्परीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८(ज) मा गाउं विकास समितिको बेरुजू लगत समय समयमा निरीक्षण गरी नियमावली अनुसार फछ्र्यौट भएको बेरुजूको सम्परीक्षण गरी दिने र असुलउपर गर्न बाँकी बेरुजू सम्बन्धमा असुल उपर गर्न लगाउने उल्लेख छ । कार्यालयको आन्तरिक लेखापरीक्षण शाखाले गाउं विकास समितिहरुको २०७१।७२ सम्मको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुगमन गरी सम्परीक्षण गरेको छैन । खर्चको नियमितता र पारदर्शीता बनाउन समयमै सम्परीक्षण गर्न लगाउनुपर्दछ ।

६. **अनुगमन** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को ५१ मा वित्तीय सुशासन जोखिम न्यूनीकरण सम्बन्धी व्यवस्था छ । उक्त बुंदामा अन्य कुराहरुको अतिरिक्त उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको भनी तथा नगरेको कामलाई गरेको भनी सिफारिस गर्ने, नापजांच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्यांकन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुने व्यवस्था छ । कार्यालयले यो वर्ष सो अनुसार उपभोक्ता समितिले लेखा दुरुस्त राखे नराखेको सम्वन्धमा अनुगमन गरेको देखिएन । अनुगमनलाई प्रभावकारी बनाईनुपर्दछ ।

७. **निर्माण कार्य** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(झ) मा बढी जटिल प्राविधिक पक्ष समेत समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने बाहेकको काममा सामान्यतः उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन सकिने व्यवस्था छ । कार्यालयले भवन निर्माण, तथा आर.सी.सी. ढलान र ट्रान्स्फर्मर खरिद जडान जस्ता जटिल प्राविधिक पक्ष समावेश भएका काम पनि उपभोक्ता समिति मार्फत गराई भुक्तानी गरेको पाइयो । उपभोक्ता समितिबाट निर्माण कार्य गराउंदा कार्यको गुणस्तर, स्पेसिफिकेशन, त्रुटी सच्याउने तथा अन्य दायित्वहरु सम्झौतामा उल्लेख गर्ने गरेको छैन । यसबाट निर्माण कार्य र निर्माण सामग्रीको गुणस्तर परीक्षण नहुने तथा निर्माण सम्पन्न पश्चात् त्रुटी सच्याउने अवधि नतोकिने भई निर्मित संरचनाको दिगोपनामा प्रभाव पर्न जाने देखिन्छ । नियमको प्रावधानलाई ध्यान दिई निर्माण कार्य हुनुपर्दछ ।

८. **कम लागतका आयोजना** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को नियम ११(२) मा जिल्ला विकास समितिको कार्यालयले आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकास अन्तर्गत विनियोजन भएको पूंजीगत अनुदानबाट रु.५ लाखभन्दा कम लागतका कार्यक्रम

वा आयोजना छनौट गर्न नसक्ने, यसैगरी नियम ६०(२) मा रु.३ लाख वा सोभन्दा कम लागत अनुमान भएका भौतिक पूर्वाधार, विकास निर्माणसम्बन्धी कार्यक्रम वा आयोजनाहरूको कार्यान्वयन जिल्ला विकास समिति आफैले नगरी गाउं विकास समिति, नगरपालिका, विषयगत कार्यालय मार्फत गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष पूंजीगत शीर्षकबाट रु.३ लाखभन्दा कम लागतका ७८ आयोजना छनौट तथा सञ्चालन गरी रु.१३८,००,९९३।- खर्च गरेको पाइयो । कार्यविधिको पालना हुनुपर्दछ ।

९. **एकल बोर्डको निर्णय** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८८ (१) मा बजेट, योजना तथा कार्यक्रमहरु जिल्ला परिषद्बाट पारित गर्ने र दफा १८९(१) मा जिल्ला परिषद्बाट पारित योजना कार्यन्वयन गर्ने कर्तव्य जिल्ला विकास समितिको हुने व्यवस्था छ । यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा जिल्ला परिषद्बाट स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा रकम खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एकल बोर्डको निर्णयको आधारमा योजना तर्जुमा गरी परिषद्ले पारित नगरेका ११ वटा योजनामा रु. १७,९८,०००।- खर्च गरेको छन् । योजनाको प्राथमिकीकरण तथा योजना छनौटका १४ चरणलाई अनुशरण नगर्दा माग भई आएका योजनामा लगानी अपुग हुने अवस्था सिर्जना हुन्छ । अत: एकमुष्ट बजेट राख्ने तथा एकल बोर्डको पटके निर्णयका आधारमा योजना बांडफांड गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्दछ ।

१०. **सार्वजनिक परीक्षण** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २५(२६) मा उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरु तथा सम्पन्न मिति, खर्चको विवरण समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति तथा गैर सरकारी संस्था मार्फत विभिन्न योजनाका लागि खर्च गरेकोमा सार्वजनिक परीक्षण गरको प्रतिवेदन पेश भएतापनि प्रतिवेदनमा अधिकांस योजनाको खर्चको विवरण र प्रगति विवरण उल्लेख नगरेको, सार्वजनिक परीक्षणको फारमका सबै पानामा उपभोक्ताहरुको हस्ताक्षर नभएकोले सार्वजनिक परीक्षणको पुस्टयाई हुन सकेन । नियमको व्यवस्था र प्रकृया बमोजिम सार्वजनिक परीक्षण गराउनु पर्दछ ।

११. **आन्तरिक आय** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१६, २१७ र २१८ मा जिल्ला विकास समितिले कर, दस्तुर, सेवा शुल्क र बिक्रीबाट आय आर्जन गर्न सक्ने व्यवस्था छ । ऐनको उक्त व्यवस्थाअनुसार कार्यालयले यो वर्ष कर, दस्तुर, सेवा शुल्क, बिक्रीबाट रु.२७२,४४,४३३।- आम्दानी गरेको छ ।

११.१. कार्यालयले विगत वर्षदेखि गिट्टी, ढुंगा, बालुवा, ग्राभेलको ठेक्का लगायत अन्य विभिन्न प्रावधान बमोजिम लगाएको ३६ ठेक्का वापतको रु.६१,८९,७२६।१२ मध्ये विभिन्न मितिमा रु.२७,५७,७३९।- दाखिला भई रु.३६,३६,९८६।- बांकी देखिएको छ । असुली हुन बांकी रकम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७२ बमोजिम असुल गर्नुपर्दछ ।

११.२. स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१६, २१७ र २१८ मा जिल्ला परिषद्बाट पारित दरमा स्थानीय कर, सेवाशुल्क, दस्तुर तथा विकी गर्न पाउने व्यवस्था छ । वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ मा तोकिएका विषय सम्बन्धी प्रस्तावको कार्यान्वयनपूर्व प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले इजाजत दिएका खानीको उत्खनन् क्षमता वार्षिक कति छ, ती खानीबाट यस वर्ष कति उत्खनन् भयो भन्ने विवरण राखी उत्खनन भएका ढुंगा, गिट्टी, बालुवाको रोयल्टी असुल गर्नुपर्नेमा सो अनुसार असुल गरेको पाइएन । कार्यालय

अन्तर्गतका कोठियाघाट, राजापुर र बबई नदी क्षेत्रका खानी स्थानबाट परिमाण नियन्त्रण बेगर ढुंगा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन गर्न अनुमति दिएको छ। ती स्थानहरुमा ढुंगा, गिट्टी, बालुवा अत्यधिक मात्रामा उत्खनन् भई भू-संरक्षण, वातावरण र जैविक विविधतामा नकारात्मक असर पर्नुको साथै कार्यालयको आयमा समेत असर परेकोले परिमाण नियन्त्रणको प्रभावकारी व्यवस्थापन हुनुपर्दछ।

११.३. स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५ मा जिल्ला विकास समितिले आफ्नो क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी जिल्ला परिषद्बाट पारित दरमा ऊन, खोटो, जडीबुटी, वनकस(खर), कवाडी माल, ढुंगा, स्लेट, बालुवा तथा प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेक अन्य मृत जीवजन्तुको हाड, सिंग, प्वांख, छाला आदि र तोकिएबमोजिमका अन्य बस्तुमा कर लगाउन सक्ने तथा दफा २१८ मा जिल्ला विकास समितिले आपनो क्षेत्रभित्रका नदी, नालाको बालुवा, गिट्टी, ढुगा, स्लेट, माटो, दहत्तर, बहत्तर आदि तोकिएबमोजिम बिक्री गर्न सक्ने व्यवस्था छ। यस वर्ष पनि कार्यालयले परिमाण नियन्त्रण नगरी ढुंगा, बालुवा, गिट्टी, ग्राभेल आदि उत्खननका २ ठेक्काबाट रु.१,९२,७०,०००।- असुल गरेको छ। परिमाण यकिन नगरिंदा प्राकृतिक स्रोत सम्पदाको अत्यधिक दोहन भई वातावरणमा नकारात्मक असर पर्नुका साथै कार्यालयलाई प्राप्त हुनुपर्ने आम्दानीमा समेत असर परेको छ। ऐनअनुसार निकासी परिमाण नियन्त्रण गरेर मात्र आफ्नो क्षेत्र अन्तर्गतका प्राकृतिक स्रोत उत्खनन तथा बिक्रीको व्यवस्था मिलाउनु पर्दछ।

११.४. आर्थिक वर्ष २०७२।७३ मा ढुंगा, गिट्टी, बालुवा, ग्राभेल उतखनन् तथा बिकी वितरण अन्तर्गत ढुंगा प्रति घन फिट रु.८ र गिट्टी ग्राभेलको प्रति घन फिट रु. ६ को दर अनुसार न्युनतम मूल्य रु.७१,००,०००।- कायम गरी ठेक्का आव्हान गरिएकोमा बढी कवोल गर्ने एक सप्लायर्सको मुल्य अभिवृद्धि कर वाहेक रु.२०५,००,०००।- को ठेक्का २०७२।०७।३० को निर्णयले स्वीकृत भएकोमा नीजले ठेक्का नसकारेकोले निजको धरौटी रु.१०,२५,०००।- सदर स्याहा गरी दोस्रो बढी कबोल गर्ने एक निर्माण सेवाको मुल्य अभिवृद्धि कर बाहेक रु.१,८६,४५,०००।- को ठेक्का स्वीकृत भई २०७२।०८।२५ मा सम्झौता भएको देखियो।

११.५. बढी कवोल गर्ने एक सप्लायर्सको धरौटी रु.१०,२५,०००।- धरौटी खाताबाट आन्तरिक आय खातामा ट्रान्सफर गरेको प्रमाण पेश नभएकोले आन्तरिक कोषमा दाखिला हुनुपर्दछ। ढुंगा, गिट्टी, बालुवा सम्बन्धी कवुलियतनामामा ठेक्का रकम, मुल्य अभिवृद्धि कर र आयकर समेत रु.२१३,४८,५२५।- मध्ये रु.१०६,७४,२६२।- नगदै जम्मा गरी बांकी रु.१०६,७४,२६२।- बराबरको आषाढ मसान्त सम्मको बैंक जमानी पत्र सम्झौता मितिले २५ दिन भित्र पेश गर्नुपर्ने र बैंक जमानत बराबरको रकम २०७२ चैत्र मसान्तभित्र दाखिला गर्नुपर्ने सम्झौतमा व्यवस्था भएकोमा तोकिएको मितिमा दाखिला नगरी २०७३।०१।१५ मा रु.१६,७४,२६३।- र २०७३।०३।०१ मा रु.४०,००,०००।- समेत रु.५६,७४,२६३।- ढिला दाखिला गरेको देखियो। तोकिएको मितिभित्र दाखिला नगर्दा लाग्ने व्याजको बारेमा कवुलियतनामामा उल्लेख नगरेकोले ठेक्काको रकम प्राप्त हुन ढिला भएको देखिएको छ। कबुलियतनामामा ढीला दाखिलाको ब्याज उल्लेख गर्नुपर्दछ।

१२. **भूमि व्यबस्थापन सुदृढीकरण योजना** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ मा राजश्व बांडफांडको रकम सम्बन्धित राजश्व असुल गर्ने कार्यालयले छुट्टै बैंक खाता खोली जम्मा गर्नुपर्ने र सो खाताबाट अनुसूची-२६ बमोजिम सम्बन्धित जिल्ला विकास समितिलाई उपलब्ध गराउनु पर्ने र सो रकम प्रशासनिक कार्यमा खर्च गर्ने नपाउने व्यवस्था छ। कार्यालयले जिल्ला मालपोत कार्यालयबाट यस वर्ष प्राप्त हुनुपर्ने रजिष्ट्रेशन वापतको रु.९०,५२,७९०।- मध्ये रु.७१६,२१६।- मालपोत कार्यालय बर्दियालाई फिर्ता गरेको देखियो। राजश्व बांडफांडको रकम

प्रशासनिक कार्यमा खर्च गर्न नपाइने हुंदा उक्त फिर्ता रकम पुंजीगत कार्यमा खर्च भएको पुष्टी हुने कार्य योजना परिषद्बाट स्वीकृत गराई सो अनुसार फिर्ता दिनु पर्नेमा कार्य योजना बेगर फिर्ता दिएको देखिएकोले उक्त रकम प्रशासनिक कार्यमा खर्च भएको सुनिश्चितता हुन सकेन । नियमको पालना हुनुपर्दछ ।

१३. **अनुदान खर्च** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को नियम ६० अनुसार जिल्ला विकास समितिले गाउं विकास समिति मार्फत कार्यक्रम वा आयोजना कार्यान्वयन गर्न निकासा गरेको सःशर्त अनुदान नियम ५४ अनुसार आर्थिक अनुशासन कायम राख्न गाउं विकास समितिमा निकासा हुने रकमको नियमित अनुगमन गरी कार्यक्रम, बजेट, वित्तीय र भौतिक प्रगति प्रतिवदन तथा लेखापरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । कार्यालयले ६१ वटा विभिन्न कार्यक्रम सञ्चालनको लागि सशर्त अनुदान स्वरुप ५ नगरपालिका र १६ गाउं विकास समितिको खातामा रु.१,२४,०५,५००।- अनुदान दिएकोमा सो रकमको अनुगमन प्रतिवेदन, भौतिक प्रगति प्रतिवदन तथा लेखापरीक्षण प्रतिवेदन प्राप्त नगरेकोले उक्त खर्च र उपलब्धिको सम्बन्धमा आश्वस्त हुने अवस्था रहेन । उल्लेखित प्रतिवेदनहरु लिनुपर्दछ ।

१४. **भैपरी आउने** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५६ बमोजिम जिल्ला विकास समितिको कार्यालयले स्वीकृत बजेटको परिधिभित्र रही ऐनबमोजिम कर, शुल्क, सेवाशुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको १ प्रतिशतसम्म भैपरी आउने विकास कामको लागि खर्च गर्न सक्ने व्यवस्था छ । कार्यालयले यो वर्ष आन्तरिक आय रु. २,७२,४४,४३३।- को १ प्रतिशतले हुने रु.२७२,४४४।- मात्र खर्च गर्न पाउनेमा रु.४३२,७८६।- खर्च गरेकोले निर्धारित सीमाभन्दा रु.१६०,३४१।- बढी खर्च गरेको छ । नियम बमोजिमको सीमामा रही खर्च गर्नुपर्दछ ।

१५. **कर्मचारी कल्याण कोष** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६५(१) मा कर्मचारी कल्याण कोषको नाममा स्थापना हुने अक्षय कोषमा स्थानीय निकायले प्रत्येक वर्ष कम्तिमा आफ्नो कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलव बराबरको रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कर्मचारीको मासिक तलब रु.५,१३,५७०।- हुनेमा आन्तरिक कोषबाट रु.२४,९९,९६८।- कर्मचारी कल्याण कोषमा ट्रान्सफर गरी खर्च लेखेकोले नियम विपरीत बढी ट्रान्सफर गरेको रु.१९,८६,३९९।- फिर्ता हुनुपर्दछ ।

१६. **आर्थिक सहायता** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को नियम १३(४) मा स्थानीय निकायमा निर्वाचित प्रतिनिधिको बहाली नभएसम्म सचिवले कुनै पनि आर्थिक सहायता वितरण गर्न नपाउने व्यवस्था भएकोमा यो वर्ष रु.४१,५००।- आर्थिक सहायतामा खर्च गरेकोले नियमित देखिएन । नियमको पालना गरी यस प्रकारको खर्च नियन्त्रण गर्नु पर्दछ ।

१७. **वैठक भत्ता** : कर्णाली नदी राजापुरघाट बगरक्षेत्रको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पुनरावलोकन समितिको २०७२।०८।१० को बैठक भत्ता वापत रु.१७,०००।- खर्च लेखिएको छ । सोही मितिमा गेरुवा नदीको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन उपर छलफल गर्न सोही समितिका सदस्यहरु तथा आमन्त्रित सदस्यहरु बैठक बसेको भनि बैठक भत्ता रु.१६,०००।- खर्च लेखिएको तथा बैठक बसेको समय उल्लेख नभएकोले एकै मितिमा दुई वटा बैठक बसेको भनी दोहोरो भत्ता खर्च लेखिएको छ । एकै मितिमा दोहोरो बैठक बसेको भनी खर्च लेखेको १५ जनाको रु.१५,०००।- असुल गर्नुपर्दछ ।

१८. **संस्थागत सहयोग** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को नियम १३(च) मा स्थानीय निकायको आन्तरिक कोष पूंजीगतबाट कुनै संघ संस्था वा व्यक्तिलाई संस्थागत

वा कार्यक्रमिक सहयोग गर्न निषेध गरेको छ । कार्यालयले ६ संस्थालाई ती संस्थाको कार्यक्रम संचालन गर्न रु.७६,९००।- रकम उपलब्ध गराएकोले नियमको पालना भएको देखिएन । नियमको पालना गरी यस्तो खर्च नियन्त्रण गर्नु पर्दछ ।

१९. **अन्य प्रयोजनको खर्च** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको कार्यमा मात्र खर्च गर्न पाईने तथा तोकिएको काम वाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट त्यस्तो खर्च असुल  उपर गरी विभागीय कारवाही समेत गर्न सकिने व्यवस्था छ । कार्यालयले भ्रमण आदेश, भ्रमण विल, बोर्डिङ्ग पास बेगर ३ व्यक्तिलाई नेपागञ्ज-काठमाडौं-नेपालगञ्जको हजाईजहाज भाडा रु.५१,१३५।- भुक्तानी गरेकोले उल्लिखित व्यवस्था अनुसार असुल गर्नुपर्दछ ।

२०. **राजश्व बांडफांडको रकम** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ मा राजश्व बांडफांडको रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाउने व्यवस्था छ । कार्यालयले यो वर्ष उक्त बजेटबाट पूंजीगत कार्यमा खर्च नगरी ३ कार्यमा रु.२५७,२७८।- खर्च गरेकोले नियमको पालना गरेको पाईएन ।

२१. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम १० प्रतिशतले अग्रिम कर कट्टी गर्नुपर्नेमा टेण्ट कुर्सी कार्पेट आदिको भाडा वापत शिवलाईट एण्ड टेण्ट हाउसलाई रु.५०,०००।- भुक्तानी गर्दा रु.८२४ मात्र कट्टा गरेकोले नपुग रकम रु.४१७६।- असुल गर्नुपर्दछ ।

२२. **मौज्दात** : स्थानीय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । एक प्रा. लि. बाट ह्युम पाईप खरिद वापत रु.४,७९,६१४।-खर्च लेखेकोमा ह्युम पाईप जडान गरेको देखिएन ।

२३. **बिल भर्पाई** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्चको विल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । एक कार्यक्रमबाट खर्च लेखिएको रु.४,३६,७५२।- को बिल वेगर खर्च लेखिएको तथा कुसुम्बाघाट शवदाह विश्रामस्थल निर्माण वापत एक निर्माण व्यवसायीलाई रु.१९४,०००।- भुक्तानी गरेकोमा नक्कल प्रति श्रेस्ताको आधारमा पेश्की फछ्र्यौट गरी रु.१९४,०००।- खर्च लेखेको देखियो । नियमानुसार खर्चको बिल भर्पाई राखी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

२४. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) अनुसार निर्दिष्ट कामको लागि लिएको पेश्की तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पर्दछ । कार्यालयले विभिन्न प्रयोजनको लागि कर्मचारी, परामर्शदाता, निर्माण व्यवसायी र उपभोक्ता समितिलाई रु.७,२९,०७५।- दिएको पेश्की आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट गरेको छैन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

२५. **खरिद** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७० मा मौजुदा सूचिमा रहेका र नियम ७१ मा स्थाई लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ताप्रमाण पत्र भएकासंग मात्र पाँच हजार रुपैंया भन्दा बढीको सामान खरिद गर्न सकिने व्यवस्था भएकोमा कार्यालयले सो प्रकृया वेगर होर्डिङ्ग बोर्ड खरिद गरी रु.२,३६,०००।- खर्च लेखेकोले नियमित देखिएन । खर्च गर्दा नियमको पालना गर्नुपर्दछ।

२६. **असम्बन्धित खर्च** : सार्वजनिक लेखा समितिको २०६९/०१/०८ को निर्णयले निर्माण कार्यको रेखदेख सुपरभिजन तथा अन्य कार्य गर्न बजेटमा ब्यवस्था गरि श्रोत साधन ब्यवस्थापन गर्ने,

ठेक्काको मूल्य परिमाण सूचि मा कम्प्युटर तथा फर्निचर राखेर निर्माण व्यवसायीलाई भुक्तानी गर्ने विषयमा नियन्त्रण गर्ने उल्लेख गरेतापनि  कार्यालयले नेउलापुर गाउ विकास समिति सामुदायिक भवन निर्माणको सम्झौता रु.२३,६४,४९५।- मा कम्प्युटर, फर्निचर खरिदको मूल्य रु.२,१३,५७०।- राखी उपभोक्ता समितिलाई भूक्तानी दिएकोले नियमित देखिएन । नियमानुसार लागत अनुमान तयार गरि ठेक्का सम्झौता हुनुपर्दछ ।

२७. **डुंगा वितरण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । २०७३।०३।०६ मा ३ पिस डुंगा रु.२,०३,४००।- मा खरिद गरी स्थानीय ५ जनालाई वितरण गरेकोमा सो को प्रयोग र संचालन सम्बन्धमा कुनै सम्झौता गरेको नपाईएकोले डुंगाको सामाजिक रुपमा उपयोग हुने कुरामा विश्वस्त हुने आधार  देखिएन । डुंगा संचालन गर्नेको कर्तव्य र दायित्व समावेश गरि सम्झौता हुनुपर्दछ ।

२८. **कार्य सम्पन्न नगरी भुक्तानी** : पाताभारमा पनफेकुवा निर्माणको लागत अनुमान रु.१८,६०,२१४।- को काम मध्ये उपभोक्ता समितिबाट रु.४०५,२१४।- व्यहोर्ने र बांकी रु.१४,५५,०००।- कार्यालयले व्यहोर्ने गरी सम्झौता भएकोमा रु.१५,०९,९५२।- को मात्र कार्य सम्पन्नको आधारमा कार्यालयको तर्फबाट रु.११,८१,०००।- भुक्तानी गरी खर्च लेखेको देखियो । समितिले सम्झौता बमोजिमको सम्पूर्ण कार्य सम्पन्न नगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको तथा निर्माण कार्यको भौतिक तथा वित्तीय प्रगतिको बारेमा तोकिए बमोजिमको प्रकृया अनुसार सार्वजनिक परीक्षण गरेको देखिएन । सम्झौताको पालना हुनुपर्दछ ।

२९. **बढी व्ययभार** : भ्रमणमा जाने व्यक्तिलाई भ्रमण साधन, खाने, बस्नेको व्यवस्था कार्यालयबाट भएको अवस्थामा दैनिक भत्ता खर्च लेख्न मिल्ने देखिदैन । अगुवा कृषक भ्रमण अवलोकन वापत ४४ जना कृषकलाई पाल्पा, मदनपोखरा, बेगनास लिवर्ड, मत्स्य अनुसन्धान केन्द्र तथा बन्दिपुरमा ७ दिन भ्रमण गराएकोमा कार्यालयले खाने, बस्ने तथा यातायातको व्यवस्था गरेकोमा थप प्रतिदिन रु.५००।- ले ४४ जनाको ५ दिनको रु.१,१०,०००।- भुक्तानी गरी खर्च लेखेको छ । एउटै प्रयोजनमा २ पटक खर्च लेखिएकाले बढी व्ययभार परेकोले असुल गर्नुपर्दछ ।

३०. **खरिद अनुगमन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । पानी तान्ने पम्प- ७ थान, पानी ट्यांकी(५०० लि.)- ८ थान, स्प्रे मेशिन लगायतको रु.१,३०,००६।- समेत रु.३,७१,९२३।- का विभिन्न सामान निजी नर्सरी कार्यक्रमको लागि कृषकलाई व्यक्तिगत रुपमा वितरण गरी खर्च लेखिएको छ । कृषकहरुले उक्त कार्यक्रमको निरन्तरता दिए/नदिएको तथ ती सामानको प्रभावकारी ढंगले उपयोग भए नभएको अनुगमन हुनुपर्दछ ।

३१. **प्रतिस्पर्धा नगरेको** : स्थानीय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७६ र ७७ मा तीन लाख भन्दा वढीको सामान खरिद गर्दा प्रतिस्पर्धाबाट खरिद गर्नुपर्ने व्यवस्था भएकोमा एक प्लाष्टिक सम्लायर्सबाट प्लाष्टिक सीट सिधै खरिद गरि रु.७,१९,९९५।- खर्च लेखेको देखियो । नियमको पालना हुनुपर्दछ ।

३२. **कार्य सम्पन्न प्रतिवेदन** : स्थानीय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५० मा लागत अनुमान बमोजिम काम शुरु गरि सकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाण थपघट गर्न वा नयां आईटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा प्राविधिक पुष्ट्याई सहित भेरिएसन

आदेश गराउन सकिने व्यवस्था छ । कृष्णसार पण्डितपुर सडक मर्मतको लागत अनुमान रु.५८,००,६६४।- को काम उपभोक्ता समितिबाट गर्ने गरी सम्झौता भएकोमा रु.४१,४९,८७६।- को मात्र कार्य गरी समितिलाई रु.३४,००,०००।- भुक्तानी भएको छ । सम्झौतामा तोकिए बमोजिमको कार्य नगरेकोमा रु.१६,५०,७८८।- को भेरिएसन आदेश स्वीकृती वेगर कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखियो । सम्झौता अनुसारको कार्य सम्पादन गराउनु पर्दछ

३३. **अनुदान** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४७ मा गाउं विकास समितिमा अनुदान गएको रकममध्ये भुक्तानी गर्नुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्ने र बचत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यो वर्ष २०७१।७२ को अन्तिम लेखापरीक्षण भएका गाउं विकास समितिहरुमध्ये केही गाउं विकास समितिको अन्तिम लेखापरीक्षण प्रतिवेदन परीक्षण गर्दा पाताभार गांउ विकास समितिमा अनुदान निकासा गरेको रु.३८,५९,४४०।- मध्ये रु.३२,८०,४०५।- खर्च भई बांकी रहेको रु.५,७९,०३५।- संचित कोष फिर्ता नभएकोले दाखिला हुनुपर्दछ ।

३४. **आयोजना छनौट** : निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (संचालन कार्यविधि), २०७१ को नियम ५(१२) मा आयोजना छनौट गर्दा गैर सरकारी संस्था तथा राजनीतिक दल वा, भगिनि संगठनसंग सम्बन्धित पूर्वाधार आयोजना छनौट गर्न नसकिने व्यवस्था छ। नियम विपरीत कार्यालयले ३ वटा गैर सरकारी संस्थाको निर्माण तथा खरिद कार्यमा रु.३४,४७,५००।- खर्च गरेकोले नियमको पालना हुनुपर्दछ ।

३५. **लागत अनुमान** : निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम(संचालन कार्यविधि) नियमावली, २०७१ को नियम ५(८) ख मा श्रममा आधारित रोजगारी सिर्जना गर्ने किसिमका पूर्वाधार सम्बन्धि आयोजना छनौट गर्नुपर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था विपरीत राजापुरको शंकरापुर-भालुमाटा-वेलबासा-सात्तारफाराममा विद्युतीय लाईन विस्तार तथा विद्युतीय तारवारको लागत अनुमान रु.२२,१४,५१०।- को काम उपभोक्ता समितिबाट गर्ने गरी सम्झौता भएको छ। उपभोक्ता समितिले सप्लायर्सको बिल बमोजिम लागत अनुमानको आधार वेगर प्रति ट्रन्सफर्मर रु.४,२९,४००।- ले सिधै खरिद गरी रु.१९,६९,०००।- को बिल पेश गरेको आधारमा समितिलाई भुक्तानी गरिएको छ, ट्रान्सफर्मर जडान भएको देखिएन । बजेट खर्चलाई उद्देश्यमुलक बनाउनुपर्दछ ।

३६. **नियमको पालना** : निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ को नियम ५(८) ङ तथा ५(१०) मा एक आर्थिक वर्षमा सम्पन्न हुन सक्ने प्रकृतिका पूर्वाधार सम्बन्धि आयेजना छनौट गरी बजेट विनियोजन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियम विपरीत गत वर्ष छनौट तथा सम्झौता भएको लागत अनुमान रु.१७,०४,५०१।- को पशु हाट बजार देखि लठुवाघाट जाने कल्भर्ट निर्माणमा यो वर्ष रु.६,८९,५००।- खर्च गरेको छ । नियमको पालना हुनुपर्दछ ।

३७. **खरिद सामान उपयोग** : निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (संचालन कार्यविधि),२०७१ को नियम ५(८) ख मा श्रममा आधारित रोजगार सिर्जना गर्ने किसिमका पूर्वाधार सम्बन्धि आयेजना छनौट गर्नुपर्ने तथा स्थानीय आर्थिक प्रशासन नियमावलीको नियम १५५(५) झ मा बढी जटिल प्राविधिक पक्ष समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने काम वाहेक सामान्यतया श्रामप्रधान प्रविधि अप्नाइने आयोजना वा कार्यक्रममा मात्र उपभोक्ता समिति मार्फत गराउनु पर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित प्रावधान विपरीत निर्वाचन क्षेत्र नं. १ को नगरपालिका तथ गाँउ विकास समितिहरुमा विद्युत ट्रान्सफर्मर खरिद तथा जडान वापत विद्युत विस्तार को लागत अनुमान रु.५६,०९,४८९।- को काम उपभोक्ता समिति मार्फत गराउन २०७२।१२।१६ मा सम्झौता गरी

समितिलाई रु.४९,२५,०००।- भुक्तानी गरेको देखियो । संलग्न फांटवारी अनुसार १४ ट्रान्स्फर्मर उपभोक्ता समितिले सिधै खरिद गरी रु.५५,५३,९५०।- खर्च गरेको देखियो । सामानको लागत अनुमान तयार गरेकोमा लागत अनुमानको आधार नखुलेको र खरिद सामान जडान गरेको समेत नदेखिएकोले वास्तविकता यकिन हुनुपर्दछ ।

३८. **उपभोक्ता समिति** : स्थानीय नियका आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(१) मा स्थानीय स्तरमा संचालन हुने आयोजना मध्ये साठी लाख रुपैंया सम्म लागत अनुमान भएका कार्यक्रम स्थानीय उपभोक्ताद्वारा गठित उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । कार्यालयले जोगिपुर-त्रिवेणीबजार-पहाडीपुर सडक स्तरउन्नती कार्यको लागत अनुमान रु.६९,५९,८३६।- को काम उपभोक्ता समितिबाट गर्ने गरी सम्झौता भएको मध्ये रु.७०,३८,११९।- मूल्यको काम गरि रु.५९,१०,०००।- उपभोक्ता समितिलाई भुक्तानी गरेको छ। नियमको उल्लिखित व्यवस्था विपरीत ठेक्का विधिबाट निर्माण कार्य गर्नुपर्नेमा उपभोक्ता समितिबाट गराएको देखियो । नियमको पालनामा ध्यान दिनुपर्दछ ।

३९. **अख्तियारनामा वेगर भुक्तानी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्चको विल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । प्रशासनिक खर्च वापत रु.५०,०००।- को दरले २ माननीय सभासदको अख्तियारनामा वेगर अन्य २ व्यक्तिलाई खाजा, खानाको बिल बमोजिम रु.१,००,०००।- भुक्तानी भएकोले नियमित भएको पाईएन । सम्बन्धितको अख्तियारी लिनुपर्दछ ।

४०. **सुपरिवेक्षण तथा अनुगमन** : निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७१ को नियम १४ बमोजिम गठित अनुगमन तथा मूल्यांकन समितिले यस नियमावली बमोजिम संचालन भएका कार्यक्रमको अनुगमन गरी सो को प्रतिवेदन जिल्ला विकास समितिमा पेश गर्नुपर्ने प्रावधान छ । ८ सभासदबाट छनौट भै कार्यान्वयनमा रहेको १२९ आयोजनाहरुमा रु.७,२४,७८,९०८।- खर्च गरेकोमा सभासदबाट आयोजनाको अनुगमन तथा मूल्याङ्कन गरेको नदेखिएकोले नियमको पालना हुनुपर्दछ ।

४१. **पूर्व निर्धारित क्षतिपूर्ति** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२९(१) क मा तोकिएको म्याद भित्र सम्झौता बमोजिमको कार्य सम्पन्न नगरेमा सम्झौता रकमको ०.०५ प्रतिशत प्रति दिनले पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ । पाताभार थापापुर सडक निर्माणको लागत अनुमान रु.३४,९९,३६७- को काम २०७१।०७।१५ मा सम्पन्न गर्ने गरी एक निर्माण सेवासंग २०७०।१२।२४ मा रु.३०,७९,९४२।- को ठेक्का सम्झौता भएकोमा कार्यालयले अन्तिम बिल समेत रु.३४,९३,७६२।- भुक्तानी गरेको छ । निर्माण व्यवसायीले २०७२।०८।२४ मा कार्यालयमा दर्ता नगरेको निवेदनमा कार्य सम्पन्न भएकोले अन्तिम बिलको भुक्तानी पाउन निवेदन गरेको देखियो । कार्यालयले २०७२।०३।३० मा अन्तिम बिलको भुक्तानी गर्ने निर्णय गरेको तर कार्य सम्पन्न प्रतिवेदनमा २०७१।०७।१५ मा कार्य सम्पन्न गरेको उल्लेख छ । निर्माण व्यवसायीको बिलमा २०७२।०३।३० समेत उल्लेख भएकोले तोकिएको म्यादभित्र कार्य सम्पन्न भएको पुष्टि हुन आएन । निर्माण व्यवसायीको ढिलाईको कारणले तोकिएको म्याद भित्र सम्झौता बमोजिमको कार्य सम्पन्न गरेको नदेखिएकोले उल्लेखित नियम अनुसार २०७२।०३।३० सम्मको ढिला दिन २५४ को पूर्व निर्धारित क्षतिपूर्ति रु.३,९१,१५३।- असुल गर्नुपर्दछ ।

४२. **कर दर्ता प्रमाण पत्र** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७१ मा पाँच हजार रुपैयाँ भन्दा बढीको खरिदमा स्थाई लेखा नम्बर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र भएकाबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २ संस्था मार्फत नागरिक सचेतना केन्द्रको

वडा नागरिक मञ्चको काममा सहजिकरण वापत रु.९,७०,०००।- भूक्तानी गरेकोमा उल्लेखित व्यवस्था अनुसारको कर दर्ता प्रमाण पत्र नभएको तथा संस्था छनौटको प्रकृया अनुसार गरेको नदेखिएकोले नियम अनुसार गर्नुपर्दछ ।

४३. **असम्बन्धित खर्च** : सार्वजनिक लेखा समितिको २०६९/०१/०८ को निर्णयले निर्माण कार्यको रेखदेख सुपरभिजन तथा अन्य कार्य गर्न बजेटमा ब्यवस्था गरि श्रोत साधन ब्यवस्थापन गर्ने, ठेक्काको मूल्य परिमाण सूचि मा सवारी साधन सुविधा तथा ल्यापटप राखेर निर्माण ब्यवसायीलाई भुक्तानी गर्ने विषयमा नियन्त्रण गर्ने उल्लेख गरेतापनि कार्यालयले कर्नसेवा नाला जागृती पूल निर्माणको सम्झौता रु.२,४४,६७,८४०।- मा मोटरसाईकल खरिदको मूल्य रु.२,११,४००।- मूल्य परिमाण सूचिमा राखी निर्माण व्यवसायीलाई भुक्तानी दिएकोले समितिको निर्णय कार्यन्वयन भएको पाईएन । नियम अनुसार लागत अनुमान तयार गरि ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

४४. **बिल वेगरको खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्चको बिल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । एक निर्माण व्यवसायीलाई वीमाको बिल वेगर रु.१,५०,८९६।- भक्तानी भएकोमा असुल गर्नुपर्दछ ।

४५. **लागत अनुमान** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६३ मा जुनसुकै निर्माण कार्य, परामर्श सेवा वा अन्य सेवा खरिदको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम १३३ अनुसार कार्यसम्पन्न गरेको आधारमा नियम १३१ अनुसार बिल बिजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ। आयोजनाले झोलुगें पुलका फेव्रिकेटेड सामान खरिद वापत एक सप्लायर्सलाई रु.७६,९१,६२५।- भुक्तानी गरेकोमा सामानको लागत अनुमानको आधार खुलेको देखिएन । यसैगरी ती सामान कार्यालयमा दखिला समेत भएको नदेखिएकोले तोकेको मितिभित्र कार्य सम्पन्न भएको समेत पुष्टि भएको छैन । कार्यालयमा सामान दाखिला गरि नियम अनुसार कार्य सम्पादन गर्नुपर्दछ ।

४६. **कन्टिन्जेन्सी खर्चको अभिलेख** : स्थानीय निकाय श्रोत परिचालन कार्यविधि, २०६९ को नियम १४ अनुसार कन्टिन्जेन्सी खर्चको अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले केन्द्रीय तथा आन्तरिक तर्फका सबै बजेट उपशिर्षक तथा कोषहरुमा कन्टिनजेन्सी वापत प्रशासनिक कार्यमा खर्च गरेको देखियो । कन्टिनजेन्सी खर्चको शिर्षकगत तथा कोषगत खर्चको अभिलेख नराखेकोले तोकिए बमोजिम खर्च गरे नगरेको यकिन गर्न सकिएन ।

४७. **दैनिक भ्रमण भत्ता** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। एक कर्मचारी२०७२।०४।२६ देखि २०७२।०४।३२ सम्म काज स्वीकृत भएकोमा उक्त अवधिमा कार्यालयमा रही हाजिरी गरेको देखिएकोले दैनिक भ्रमण भत्ता वापत खर्च लेखेको रु.३,६६०।- असुल गर्नुपर्दछ ।

४८. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख । कार्यालयले ४ निर्माण सेवा, १ सहकारी संस्था, १ सरकारी कार्यालय, ५ नगरपालिका, ९ गाउँ विकास समिति र १ कर्मचारीलाई विभिन्न प्रयोजनको लागि रु.३,८३,३०,०००।- दिएको पेश्की आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट हुन बांकी देखिएकोले नियम अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

## जिल्ला प्राविधिक कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आर्थिक कार्यविधि सम्बन्धि आन्तरिक निर्देशिकाहरु, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्दछ । तालुक कार्यालयबाट निरीक्षण नभएको, जिन्सी निरीक्षण भएतापनि प्रतिवेदन कार्यान्वयन नगरेको तथा उद्देश्य प्राप्तिमा आईपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेकोले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **आषाढ महिनाको खर्च :** चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । कार्यालयले गरेको बार्षिक पूंजीगत खर्च रु.९,५६,९८,०१९।- मध्ये तेस्रो चौमासिकमा रु.७,८६,१४,८१५।- खर्च भएको छ भने आषाढ महिनामा मात्र रु.३,५६,२५,२००।- खर्च भएको छ। तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमशः ८२.१४ र ३७.२३ रहेकोले स्वीकृत वार्षिक कार्यक्रम अनुसार खर्च व्यवस्थापन गर्नुपर्दछ ।

३. **सडक मर्मत खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले समेटेका सडक आयोजनाहरुको मर्मत सम्भार कार्यको लागि सडक मर्मत सम्भार समुह अन्तर्गत धेरै संख्यामा ज्यालामा मर्मत संभार कर्ताहरु भर्ना गरी पारिश्रमिक भुक्तानीमा खर्च लेखेको देखियो । हरेक सडकको लागि आश्यक पर्ने संभारकर्ताहरुको सम्बन्धमा सडकको अवस्थाको आधारमा लागत अनुमान तयार गरी सोही मुताविक मर्मत संभार कर्ता भर्ना गरी पारिश्रमिक खर्च लेख्ने नगरेकोले वास्तविक लागत यकिन गर्न सकिएन । यो वर्ष त्यस्तो कार्यमा रु.५४,६७,९४३।- खर्च लेखिएको छ । नियम अनुसार कार्यसञ्चालन गर्नुपर्दछ ।

४. **सडक निर्माणमा प्रगति :**

४.१. पुष्पलाल मार्ग निर्माणको (०+०००-१६+५८१कि.मि.) लागत अनुमान रु.७,५४,८५,५६०।- को काम २०७३।०७।१६ मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसंग २०७२।०७।१७ मा रु.५,६१,३४,१८४।-(मुल्य अभिवृद्धि कर वाहेक) को सम्झौता भएकोमा दोस्रो रनिङ्ग बिल सम्म निर्माण व्यवसायीलाई रु.७०,२४,२५६।- भुक्तानी गरिएको छ । सम्झौतामा तोकिए बमोजिम कामको प्रगति नगरेकोले लेखापरीक्षण अवधि (२०७३।१०।२१) सम्म पनि कार्य सम्पन्न गरेको देखिएन । हालसम्म कंक्रिटको लागि फर्म वर्कको सप्लाई र प्लेसमेन्ट, सप्लाई एण्ड प्लेस हाई टेक्सटाईल रेनफोर्समेन्ट, प्लेन एण्ड रेनफोर्स सिमेन्ट संरचना निर्माणको लागि कंक्रिट समेत मूल्य अभिवृद्धि कर सहित रु.५९,२६,८०३।- को मात्र कार्य भएको देखियो । सम्झौताको विशेष शर्तमा १२ महिनामा कार्य सम्पन्न गर्नुपर्ने, ८ महिनामा ५० प्रतिशत प्रगति गर्ने गरी माईलस्टोन तोकिएको छ । सम्झौताको सामान्य शर्त १.१(ग) मा माईल स्टोन बमोजिम कार्य नभएमा सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति निर्माण व्यवसायीले कार्यालयलाई तिर्नु बुझाउनु पर्ने व्यवस्था भएको देखियो । निर्माण व्यवसायीले महाभुकम्प, बर्षात तथा हडताल बन्दको कारण देखाई म्याद थपको माग गरेकोमा आयोजना व्यवस्थापन ईकाईबाट २०७४ जेष्ठ ३ सम्मको लागि ठेक्काको म्याद थप गर्न सहमति दिएको छ ।

४.२. राजापुर रिङरोड स्तरोन्नतिको लागत अनुमान रु.६,५०,१७,२८१।- को कार्य २०७३।०७।१२ मा सम्पन्न गर्ने गरी एक कन्स्ट्रक्सन प्रा. लि.संग २०७२।०७।१७ मा रु.५,१२,००,४४७।- को सम्झौता

भएकोमा दोस्रो रनिङ्ग बिल सम्म निर्माण व्यवसायीलाई रु.१,२३,७२,३२८।- भुक्तानी भएको छ । सम्झौतामा तोकिए बमोजिम कामको प्रगति नगरेकोले लेखापरीक्षण अवधि(२०७३।१०।२१) सम्म पनि कार्यसम्पन्न गरेको देखिएन । हालसम्म ग्याबियन, रड सप्लाई, ईट्टा सप्लाई तथा फेब्रिक सप्लाई समेतको रु.१,२३,७२,३२८।- को काम गरेको देखियो । सम्झौताको विशेष शर्तमा १२ महिनामा कार्य सम्पन्न गर्नुपर्ने, ८ महिनामा ५० प्रतिशत प्रगति गर्ने गरी माईलस्टोन तोकिएको छ । सम्झौताको विशेष शर्त १.१(ग) मा माईल स्टोन बमोजिम कार्य नभएमा सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति वापतको रकम निर्माण व्यवसायीले कार्यालयलाई तिर्नु बुझाउनु पर्ने व्यवस्था भएको देखियो । निर्माण व्यवसायीले महाभुकम्प, बर्षात तथा हडताल बन्दको कारण देखाई म्याद थपको माग गरेकोमा आयोजना व्यवस्थापन ईकाईबाट २०७४ जेष्ठ ३ सम्मको लागि ठेक्काको म्याद थप गर्न सहमति दिएको छ ।

४.३. गणेशपुर-गौरीपारा-लक्ष्मणा सडक निर्माणको लागत अनुमान रु.६,२०,३९,४५६।- को कार्य २०७३।०७।१७ मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसंग २०७२।०७।१७ मा रु.५,०३,८८,७७६।-को सम्झौता भएकोमा दोस्रो रनिङ्ग विल सम्म निर्माण व्यवसायीलाई रु.६३,४०,४५०।- भुक्तानी भएको छ । लेखापरीक्षण अवधि (२०७३।१०।२१) सम्म पनि व्रिक वर्क स्टोन मेशनरी स्टील रेनफोर्समेन्ट, प्लेन रेनफोर्सड, सिमेन्ट कंक्रिट समेतको रु.६३४०४५०।- को मात्र काम भएको देखियो । सम्झौतामा ८ महिनामा ५० प्रतिशत प्रगति गरिसक्नु पर्ने र १२ महिनामा सम्पूर्ण कार्य सम्पन्न गर्ने गरी माईलस्टोन तोकिएको र तोकिए बमोजिम प्रगति नगर्दा पूर्व निर्धारित क्षतिपूर्ति ०.०५ प्रतिशत प्रतिदिनले असुल गरी कार्यप्रगति हुनुपर्ने व्यवस्था भएकोमा निर्माण व्यवसायीले महाभुकम्प, हडताल बन्द तथा वर्षातको कारण देखाई २०७४ आषाढ मसान्त सम्मको म्याद थप माग गरेकोमा म्याद थप गरेको निर्णय भएको देखिएन । कार्यालयले उल्लिखित व्यवस्था अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

निर्माण व्यवसायीले नेपाल बंगलादेश बैंकको २०७३।१०।०२ सम्म म्याद भएको बैंक ग्यारेण्टीको आधारमा रु.५०,००,०००।- मोविलाईजेसन पेश्की लिएकोमा सो को म्याद समाप्त भैसकेको अवस्था छ । कार्यालयले म्याद भित्र बैंकलाई रकम दावीको लागि पत्राचार गरेको देखिएन । त्यस्तै बिलको आईटम नं. ७ को ३.१ मा पहिले रनिङ्ग बिलबाट भुक्तानी भएको रु.२८,५७०।- दोस्रो रनिङ्ग बिलमा घटाएको र सोही रकम ठेक्का वीलको आईटम नं. ३.२ मा समावेश गरेकोले उक्त रकमको मूल्य अभिवृद्धि कर रु.३,७१४।- दोहोरो भुक्तानी भएकोले असुल गर्नुपर्दछ ।

५. **बढी भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मोटरसाईकल मर्मतको संलग्न मर्मत आदेश तथा जिन्सी दाखिला अनुसार रु.१६,०५७।- मुल्यको सामान दाखिला भएकोमा २ बिलबाट रु. २१,४२५।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.५,३६८।- असुल हुनुपर्दछ ।

६. **मूल्य अभिबृद्धि कर** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को अनुसूचि-१ अनुसार कुनै निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । लागत अनुमानको दर विश्लेषण तयार गर्दा मूल्य अभिबृद्धि कर समावेश गर्न नहुने र भूक्तानीमा मात्र १३ प्रतिशत थप गर्नुपर्ने व्यवस्था भएकोमा विभिन्न ३ वटा निर्माण कार्यको निर्माण सामग्रीको मूल्यमा मूल्य अभिवृद्धि कर समावेश गरी दर विश्लेषण तयार गरेको आधारमा लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेको देखियो । बिल भूक्तानी गर्दा समेत लाग्ने मूल्य अभिवृद्धि कर समावेश गर्नुपर्ने भएकोले दर विश्लेषणमा समावेश गरिएको मूल्य अभिवृद्धि कर रु.६,१२,६७८।- र सोमा लाग्ने थप मूल्य अभिवृद्धि

कर रु.७९,६४९।- समावेश  गरी लागत अनुमान तयार गरि ठेक्का व्यवस्था गर्दा रु.६,९२,३२७।- थप व्ययभार पर्ने भएकोले वास्तविकता यकिन हुनुपर्दछ ।

७. **सम्झौता अनुसार कार्य नभएको** : ताराताल गाँउ विकास समिति भवन निर्माणको लागत अनुमान रु.३६,१४,८२२।- को काम २०७२ असोज मसान्त सम्म सम्पन्न गर्ने गरी एक निर्माण सेवासंग रु.३६,०८,५७७।- को सम्झौता भएकोमा यो वर्षको रु.९,५४,२२०।- समेत रु.३१,७१,८०९।- भुक्तानी भएको छ । निर्माण व्यवसायीबाट २०७२।०६।२४ मा हाल सम्म भएको काम पुरा भईसकेको व्यहोराको २०७३।०३।३० को पत्र पेश भएकोले तोकिएको मितिमा कार्य सम्पन्न भएको पुष्टि भएन । यसैगरी सम्झौतामा तोकिए बमोजिमका स्यानिटरी लगायत सम्पूर्ण काम सम्पन्न नभई कार्य सम्पन्न प्रतिवेदन तयार गरेकोले सम्झौताको कार्यन्वयनमा ध्यान दिनुपर्दछ ।

८. **कार्य प्रगति नगरेको** : कालिका गाउ विकास समिति भवन निर्माणको लागत अनुमान रु.४२,३०,१७४।- को काम २०७३।०३।०२ मा सम्पन्न गर्ने गरी एक निर्माण सेवासंग रु.३६,२१,६२९।- को सम्झौता भएकोमा तोकिएको म्याद भित्र कार्य सम्पन्न नगरेको र म्याद थप समेत भएको देखिएन । हाल सम्म निर्माण व्यवसायीलाई रु.१७,९४,८२७।- भुक्तानी भएको छ । सम्झौता अनुसार गनुपर्दछ ।

९. **कन्टिन्जेन्सी खर्च** : २०७०।१।१५ को अर्थ मन्त्री स्तरीय निर्णय अनुसार कन्टिन्जेन्सी रकममध्येबाट २ प्रतिशत रकम आवश्यकता अनुसार फर्निचर, सवारी साधन, मेशिनरी औजार, सप्टवेयर निर्माण, खरिद जस्ता पूँजीगत निर्माण तथा सम्पत्ति सम्बन्धी शीर्षकमा अर्थ मन्त्रालयबाट अनिवार्य रुपमा सैद्धान्तिक स्वीकृति लिई खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले यो वर्ष निम्नानुसार ल्याटप, फर्निचर जस्ता पूँजीगत प्रकृतिका सामान खरिद गरी कन्टिन्जेन्सीबाट रु.६,५६,७६०।- खर्च गरेको देखियो । उल्लेखित प्रावधान अनुसार अर्थ मन्त्रालयबाट उक्त सामान खरिद गर्न सैद्धान्तिक सहमति लिएको देखिएन ।

१०. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा नियमावली बमोजिम दिईएको पेश्की तोकिएको म्यादभित्र नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुने व्यवस्था छ । ४ निर्माण सेवालाई निर्माण कार्यको लागि भुक्तानी भएको मोविलाईजेशन पेश्की रु.१,७२,२४,०००।- बांकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

## स्थानीय विकास कोषको सचिवालय

१. **आर्थिक विवरण** : गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यन्वयन निर्देशिका २०६६ को ४ र ५ अनुसार कार्यक्रम कार्यन्यन गर्नुपर्ने व्यवस्था छ । कोषको सचिवालयले लगानी, फिर्ता तथा बांकी, पेश्की, व्याज तथा अन्य आम्दानी तथा सबै खर्च खुल्ने लेखाप्रणाली अवलम्बन नगरेकोले उठ्न बांकी लगानी र पेश्की बांकीको अवस्था पारदर्शी हुन सकेको छैन । यो वर्षको अन्त सम्म विभिन्न ४ कोषमा ५७ समुहको नाममा रु.१७,२२,५४१।- उठ्न बांकी ऋण रहेको विवरण पेश भएकोमा उक्त रकम आर्थिक विवरणमा समावेश गरेको छैन ।  कोषले लेखाप्रणालीलाई पारदर्शी बनाउनुपर्दछ ।

२. **ब्याज असुली** : कोषले लगानी गरेको रकमको व्याज रु.३,२५,२६५।- गत वर्षदेखि नै असुल नभएकोले आवश्यक कारवाही गरी असुल गर्नुपर्दछ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आर्थिक कार्यविधि सम्बन्धि आन्तरिक निर्देशिकाहरु, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्दछ । तालुक कार्यालयबाट निरीक्षण नभएको, जिन्सी निरीक्षण भएतापनि प्रतिवेदन कार्यान्वयन नगरेको तथा

कार्यालयले उद्देश्य प्राप्तिमा आईपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेकोले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावलीको नियम २०(३) मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले १ ठेक्काको रु. २१,६३,०००।- दोस्रो चौमासिकमा र ४ ठेक्काको रु.६५,१६,००५।- तेस्रो चौमासिक अवधिमा सम्झौता गरेको छ । यसै गरी १ ठेक्काको रु.१०,६७,००५।- आषाढ महिनामा ठेक्का सम्झौता गरेको देखियो । तोकिएको अवधिभित्र ठेक्का व्यवस्थापन गरी तोकिएको समयमा योजना सम्पन्न गर्न नियमको परिपालनामा ध्यान दिनुपर्दछ ।

३. **ढुवानी खर्च** : विभिन्न स्वास्थ्य संस्थाहरुमा औषधी तथा भ्याक्सिन ढुवानी वापत कार्यालयका कर्मचारीहरुलाई पठाई खर्च लेख्ने गरेको देखियो । ती कर्मचारीहरुले कार्यालयबाट प्रस्थान गर्दा भण्डारबाट त्यस्ता सामान बुझेको र सम्बन्धित संस्थाले प्राप्त गरेको प्रमाण खर्चको भौचरसाथ संलग्न नगरी खर्च लेख्दा कर्मचारी जाँदा वा आउँदाको दैनिक तथा भ्रमण भत्ता खर्च लेख्नुपर्ने अवस्था रहे नरहेको सम्बन्धमा यकिन गर्न सकिएन । उल्लिखित प्रमाणहरु संलग्न गरेर मात्र ढुवानी खर्च वापत दैनिक तथा भ्रमण भत्ता खर्च लेख्नुपर्ने देखिन्छ ।

४. **श्रेस्ता पेश नभएको** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्ययको तोकिए बमोजिमको लेखा र आर्थिक विवरण पेश गरी महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । प्राप्त आर्थिक विवरणमा उल्लिखित निकाशा खर्च रु.७,७५,००,२२४।- मध्ये सोझै भुक्तानीतर्फको रु.३८,६७,०८५।- को श्रेस्ता पेश नभएकोले लेखापरीक्षण भएको छैन । श्रेस्ता पेश गरी लेखापरीक्षण गराउनु पर्दछ ।

५. **ईकाई मूल्य अनुदान** : प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम कार्यन्वयन कार्यविधि निर्देशिकामा सामुदायिक ईकाइको सहयोग रकम खर्च गर्दा प्रचलित कानुनको परिधि भित्र रही गर्ने, सो को अभिलेख राख्न लगाउने र लेखापरीक्षण समेत गर्ने गराउने जिम्मेवारी जिल्ला स्वास्थ्य कार्यालयको हुने व्यवस्था छ । सुरक्षित मातृत्वको लागि आमा सुरक्षा कार्यक्रम अन्तर्गत यो वर्ष १९ स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको लागि सुत्केरी भएको आधारमा दिईने ईकाई मूल्य अनुदान वापत रु.४५,९२,०००।- अनुदान भुक्तानी भएको छ । उल्लेखित प्रावधान अनुसार भुक्तानी रकम समेतको खर्चको विवरण तथा लेखापरीक्षण प्रतिवेदन लिने गरेको नदेखिएकोले अनुदान उपयोगकोको पारदर्शिता भएको पाईएन । अतः अनुदानको प्रभावकारी उपयोगको सुनिश्चितताको लागि खर्चको विवरण, प्रगति प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन लिनुपर्दछ ।

६. **करारमा कर्मचारी भर्ना** : अस्पताल तथा एस.वि.ए. तालिम क्षेत्र एवं प्राथमिक स्वास्थ्य केन्द्रमा २४ घण्टे प्रशुति सेवा संचालन गर्न १८ जना अनमी करारमा नियुक्त गर्ने स्वीकृत कार्यक्रम उल्लेख छ । कार्यालयले २०७२ मार्ग देखि २०७३ आषाढ सम्म २१ जना कर्मचारी नियुक्त गरी प्रति महिना रु.१६०००।- का दरले रु.२७८३९८।- भूक्तानी गरेकोले कार्यक्रम वेगर वढी ३ जनाको पारिश्रमिक खर्च लेखेको देखियो । अतः करारमा कर्मचारी नियुक्ति गर्ने परम्परा नियन्त्रण गर्नुपर्दछ ।

७. **पारिश्रमिक भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम परामर्श सेवा खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने, नियम ७२ मा दश लाख रुपैयाँ भन्दा कम रकमको परामर्श सेवा आफ्नो कार्यालयमा रहेको मौजुदा सुचिमा रहेका परामर्शदाताबाट खरिद गर्नुपर्ने तथा निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) मा स्वीकृत दरवन्दीका निजामती कर्मचारीलाई हरेक वर्ष तलवी प्रतिवेदन पारित गरेर मात्रै तलब खर्च लेख्ने व्यवस्था छ । कार्यालयले २६ जना करार अन्तर्गत नियुक्ति पाएका कर्मचारीलाई तलब, महंगी भत्ता, हेजार्ड भत्ता समेत रु.१६,१७,६८९।- खर्च भुक्तानी गरेको देखियो । नियमको पालना हुनुपर्दछ ।

८. **शहरी स्वास्थ्य केन्द्र अनुदान** : प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम कार्यान्वयन कार्यविधि निर्देशिकामा शहरी स्वास्थ्य केन्द्र सहयोग कोषमा जिल्ला स्वास्थ्य कार्यालय मार्फत महाशाखाले एक मुष्ट अनुदान दिने व्यवस्था छ । यसैगरी कोषमा प्राप्त सबै प्रकारका रकम खर्च गर्दा प्रचलित कानुनको परिधि भित्र रही गर्ने, सो को अभिलेख राख्न लगाउने र लेखापरीक्षण समेत गर्ने गराउने जिम्मेवारी जिल्ला स्वास्थ्य कार्यालयको हुने व्यवस्था छ । यो वर्ष शहरी स्वास्थ्य केन्द्र संचालन अनुदान वापत विभिन्न ४ नगरपालिकाहरुलाई रु.१८,२०,०००।- अनुदान उपलव्ध गराएकोमा अनुदानको खर्चको विवरण, प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन लिएको नदेखिएकोले खर्चको पारदर्शिता तथा प्रभावकारितामा सुनिश्चितता रहेन । निर्देशिकाको पालना गर्नुपर्दछ ।

९. **छपाई तथा दर्ता शुल्क अनुदान** : प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम कार्यान्वयन कार्यविधि निर्देशिका अनुसार जिल्लाका अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकिहरुमा छपाई तथा दर्ता शुल्क वापतको अनुदान जिल्ला स्वास्थ्य कार्यालयले विगतका वर्षहरुमा विरामीको चाप तथा प्रक्षेपित जनसंख्यालाई आधार मानि विनियोजित बजेटको परिधी भित्र रही सम्बन्धित स्वास्थ्य संस्थाको खातामा एक मुष्ट रकम जम्मा गरी जानकारी गराउनुपर्ने तथा यसरी प्राप्त रकमको लेखा राख्ने लेखापरीक्षण गर्ने कार्य स्वास्थ्य संस्था व्यवस्थापन समितिको निर्णयमा नेपाल सरकारको नियमानुसार हुने तथा आम्दानी खर्चको हिसाव किताव समायोजन गरी जिल्ला स्वास्थ्य कार्यालयले चौमासिक रुपमा क्षेत्रीय स्वास्थ्य निर्देशनालय र स्वास्थ्य सेवा विभाग र प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखामा पठाउनुपर्ने प्रावधान छ । यो वर्ष जिल्ला स्थित स्वास्थ्य संस्थालाई पटक पटक गरी रु.२०,००,०००।- ओ.पि.डि. टिकट छपाई दर्ता शुल्क अनुदान दिएकोमा खर्चको लेखा लेखापरीक्षण तथा हिसाव समायोजन गरेको नदेखिएकोले बजेट खर्चको उपयोगको पारदर्शिता भएको देखिएन । निर्देशिकाको पालना गर्नुपर्दछ ।

१०. **पूर्व निर्धारित क्षतिपुर्ति** : न्यानो झोला (लुगा सेट) ४८५० थान खरिदको लागत अनुमान रु.४२,१९,९८५।- को काम एक ईन्टरप्राईजेजबाट रु.३७,५६,६१६।-मा सम्पन्न गर्ने गरी २०७२।१२।२२ मा सम्झौता भएको थियो । सम्झौतामा ईन्टरप्राईजेजले ६० प्रतिशत सामान ३० दिन भित्र र ४० प्रतिशत सामान ४५ दिनभित्र सवै स्वास्थ्य संस्थामा पठाउनुपर्ने प्रावधान रहेकोमा संलग्न मुचुल्का तथा कार्यालयको जिन्सी खाता अनुसार सम्पूर्ण ४८५० थान झोला २०७३।०२।०३ मा जिल्ला स्वास्थ्य कार्यालयमा प्राप्त गरी सम्बन्धित स्वास्थ्य संस्थामा अन्तिम रुपमा २०७३।०२।३२ सम्म उपलब्ध गराएको देखियो । ईन्टरप्राईजेजले सम्झौता अनुसार ३० दिन भित्र सम्बन्धित स्वास्थ्य संस्थामा सामान दाखिला गर्ने अवधि २०७३।०१।२२ भित्र हुनुपर्नेमा २०७३।०२।३२ मा मात्र सम्झौता अनुसारको सामान उपलब्ध गराएकोले ढिला कार्य सम्पन्न गरेको दिन ४० को सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम म्याद थप गरेको देखिएन । कार्यालयबाट नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति ०.०५ प्रतिशत प्रतिदिनले रु.७५,१३३।- भुक्तानीमा कट्टा गरेको नदेखिएकोले असुल गर्नुपर्दछ ।

११. **मूल्य अभिवृद्धि कर** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा ५ हजार रुपैंयाँ भन्दा बढी मुल्यको सामान खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट आयकर तथा मूल्य अभिवृद्धि कर प्रमाणपत्र भएकोबाट मात्र खरिद गर्नुपर्ने प्रावधान छ । कार्यालयले पूनर्जागरण कार्यक्रम अन्तर्गत सामाजिक परीक्षण कार्यक्रम संचालन वापत एक सहकारी संस्था लि. लाई रु.४,१९,४६५।- भुक्तानी गरेकोमा उल्लिखित नियम बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता नभएकोबाट काम गराई खर्च लेखेको नियमित देखिएन । अतः नियमानुसार खरिद व्यवस्थापन गर्नुपर्दछ ।

# आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ४४ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट, २ कार्यालयको जिल्ला विकास समितिको कार्यालयबाट तथा १ कार्यालयको निजी लेखापरीक्षण संस्थाबाट लेखापरीक्षण सम्पन्न भएको छ । आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार २५ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका ३३ मध्ये निम्न ७ कार्यालयको रु १,२३,१४,०६१।- बेरुजू बाकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि. नं. | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १ | जिल्ला अस्पताल, बर्दिया | ३७०८०४३ | कर्मचारी तथा अन्य पेश्की फछ्र्यौट नगरेको | १२२६५० |
| | | ३७०८०४४ | सार्वजनिक निर्माण पेश्की फछ्र्यौट नगरेको | २४००००० |
| २ | कारागार कार्यालय | ३१४०२०४ | सिलबन्दी दरभाउपत्रवेगर सोझै खरिद गरेको | ९९९७६६ |
| | | ३१४०२०३ | सिलबन्दी दरभाउपत्रवेगर सोझै खरिद गरेको | ६५११६३ |
| | | ३१४०२०३ | २५ हजार भन्दा बढीको खरिद गर्नु पर्दा लागत अनुमान तयार नगरेको | ४३८९२१ |
| | | ३१४०२०३ | शिर्षक फरक पारी खर्च गरेको | ५५२९१६ |
| | | ३१४०२०३ | बजेट व्यवस्था नगरी खर्च गरेको | ६८४१७८ |
| | | धरौटीतर्फ | यकिन हुन नसकेको धरौटी सदरस्याहा हुनुपर्ने | ३५९७७ |
| | | धरौटीतर्फ | करसमायोजन पत्र वेगर धरौटी फिर्ता गरेको | १२९६९० |
| ३ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ३०५०१५४ | भवन निर्माणको पेश्की | ३९०००००.०० |
| ४ | बबई राजापुर सिंचाई व्यवस्थापन | ३५७११८४ | सार्वजनिक निर्माण पेश्की | ९००००० |
| ५ | जिल्ला वन कार्यालय | ३२९१०८४ | पेश्की | ३६०००.०० |
| ६ | डिभिजन सहकारी कार्यालय | ३५२१३४४ | भवन निर्माण पेश्की | १४६२८००.०० |
| ७ | राष्ट्रिय प्रकृतिर संरक्षण कोष | विभिन्न | सैद्धान्तिक | सैद्धान्तिक |
| जम्मा | | | | १२३१४०६१.०० |

(महेश्वर काफ्ले)
नायव महालेखापरीक्षक

अनुसूची -१

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

## लेखापरीक्षण विधिः विस्तृत

(रु लाखमा)

| सि.नं. | कार्यालयको नाम | निकासा | राजश्व | धरौटी | अन्य | ले.प. अंक |
|---|---|---|---|---|---|---|
| १ | **जिल्ला विकास समितिको कार्यालय** | - | - | - | १२,९८५ | १२,९८५ |
| २ | **जिल्ला शिक्षा कार्यालय** | ९,६३७ | १४२ | ३ | ३० | ९,८१२ |
| ३ | **जिल्ला प्रविधिक कार्यालय** | ९८१ | २ | २४ | - | १,००७ |
| ४ | **जिल्ला कृषि विकास कार्यालय** | ५९० | ५ | १९ | ४८ | ६६२ |
| ५ | **जिल्ला स्वास्थ्य कार्यालय** | १,३८७ | २ | १० | १०६ | १,५०५ |
| ६ | **बबई सिचाई आयोजना** | १०,४३६ | ११ | ८४८ | - | ११,२९५ |
| ७ | **मालपोत कार्यालय** | १७३ | ५३७ | २७ | ७८६ | १,५२३ |
| ८ | **भुमि सुधार कार्यालय** | १,१६८ | १७ | १६ | १६ | १,२१७ |
| ९ | **कर्णाली नदी व्यवस्थापन आयोजना** | ३,५७७ | ९ | २१२ | - | ३,७९८ |
| १० | **बर्दिया राष्ट्रिय निकुञ्ज** | ८१४ | २४६ | १४० | २७७ | १,४७७ |
| ११ | **जिल्ला हुलाक कार्यालय** | ३०५ | २० | २ | ३५२ | ६७९ |
| १२ | **जिल्ला पशु सेवा कार्यालय** | ४२१ | ३ | १२ | ४ | ४४० |
| १३ | **सिचाई विकास सव डिभिजन** | ५२५ | १ | १० | - | ५३६ |
| १४ | **स्थानीय विकास कोषको सचिवालय** | - | - | - | १३७ | १३७ |
| | जम्मा | ३०,०१४ | ९९५ | १,३२३ | १४,७४१ | ४७,०७३ |

## लेखापरीक्षण विधिः आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा

(रु लाखमा)

| सि.नं. | कार्यालयको नाम | निकासा | राजश्व | धरौटी | अन्य | ले.प. अंक |
|---|---|---|---|---|---|---|
| १ | ईलाका प्रशासन कार्यालय राजापुर | १९ | ० | ० | ० | १९ |
| २ | ईलाका प्रहरी कार्यालय ढोढरी | १७३ | १ | ० | ० | १७४ |
| ३ | ईलाका प्रहरी कार्यालय पाताभार | १२१ | १ | ० | ० | १२२ |
| ४ | ईलाका प्रहरी कार्यालय बगनाहा | ७७ | ० | ० | ० | ७७ |
| ५ | ईलाका प्रहरी कार्यालय बाँनियाभार | १४५ | ० | ० | ० | १४५ |
| ६ | ईलाका प्रहरी कार्यालय बाँसगढी | १२ | १ | ० | ० | १३ |
| ७ | ईलाका प्रहरी कार्यालय मैनापोखर | १५९ | १ | ० | ० | १६० |
| ८ | ईलाका प्रहरी कार्यालय मोतिपुर | १०२ | ० | ० | ० | १०२ |
| ९ | ईलाका प्रहरी कार्यालय राजापुर | २३६ | १ | ० | ० | २३७ |
| १० | कारागार कार्यालय | १७६ | १ | ५ | ५ | १८७ |
| ११ | कृष्णसार सँरक्षण क्षेत्र कार्यालय | ७८ | १ | ५ | ३४ | ११७ |
| १२ | कोष तथा लेखा नियन्त्रक कार्यालय | १६६ | ९६७ | १२ | १३ | ११५७ |
| १३ | खानेपानी तथा सरसफाई सव डिभिजन | ७७१ | १ | ६१ | ८ | ८४२ |
| १४ | घरेलु तथा साना उद्योग कार्यालय | ४९ | ६९ | २ | | १२० |
| १५ | जिल्ला अस्पताल बर्दिया | २४९ | १ | ४ | ११८ | ३७१ |
| १६ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | २२ | १ | ३ | | २६ |
| १७ | जिल्ला निर्वाचन कार्यालय | ४९ | १ | २ | २ | ५५ |
| १८ | जिल्ला प्रशासन कार्यालय गुलरिया | २३६ | २५६ | ३६ | १४० | ६६८ |
| १९ | जिल्ला प्रहरी कार्यालय गुलरिया | १२८२ | ३६ | ४१ | | १३५९ |
| २० | जिल्ला वन कार्यालय | ५०२ | ३१ | २९० | ७३ | ८९५ |
| २१ | जिल्ला सरकारी वकिलको कार्यालय | ३४ | ० | १ | | ३५ |

| सि.नं. | कार्यालयको नाम | निकासा | राजश्व | धरौटी | अन्य | ले.प. अंक |
|---|---|---|---|---|---|---|
| २२ | डिभिजन सहकारी कार्यालय | ११५ | १ | ५ | ० | १२१ |
| २३ | नापी कार्यालय गुलरिया | २१९ | २३ | ५ | २ | २५१ |
| २४ | नापी कार्यालय राजापुर | ३३ | ३ | ० | १ | ३७ |
| २५ | बबई राजापुर सिँचाई व्यवस्थापन | ८० | १ | ४६ | ० | १२६ |
| २६ | बर्दिया जिल्ला अदालत | २३७ | ५६ | १८३ | ० | ४७६ |
| २७ | महिला तथा बालबालिका कार्यालय | १४४ | १ | ० | ९५ | २४० |
| २८ | मालपोत कार्यालय राजपुर | ८ | १०७ | ० | १५९ | २७४ |
| २९ | रण शार्दुल गण | २४०० | ० | ३१ | ० | २४३१ |
| ३० | राजापुर भन्सार कार्यालय | २२० | २१० | १७१ | ० | ६०१ |
| ३१ | राष्ट्रिय अनुसन्धान कार्यालय | ७० | ० | ० | ० | ७० |
| ३२ | राष्ट्रिय प्रकृति सँरक्षण कोष | ३३३ | ३९६ | ० | ० | ७२९ |
| ३३ | सशष्त्र प्रहरी वल सीमा सुरक्षा कार्यालय | १०१७ | ० | ० | ० | १०१७ |
| | **जम्मा** | **९५३५** | **२१६६** | **९०३** | **६५०** | **१३२५४** |
| | **कुल जम्मा** | **३९५४९** | **३१६१** | **२२२६** | **१५३९१** | **६०३२७** |

अनुसूची २

# बेरुजूको स्थिति

(रु हजारमा)

| क.स. | कार्यालयको नाम | शुरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को क्रममा | प्रतिक्रियाबाट | जम्मा |
| १ | जिल्ला विकास समितिको कार्यालय | ५६ | ७७,९२० | ८ | ० | ४८ | ४,८३७ | ३४,०२४ | ३९,०५९ | ७७,९२० | ० | ० | ० |
| २ | जिल्ला शिक्षा कार्यालय | ११ | ७०,६१६ | २ | ० | ९ | २,६५३ | ६७,९६३ | ० | ७०,६१६ | ० | ० | ० |
| ३ | जिल्ला प्रविधिक कार्यालय | १८ | २२,००४ | ८ | ३,४२२ | १० | ९ | १,३४९ | १७,२२४ | १८,५८२ | ० | ० | ० |
| ४ | जिल्ला कृषि विकास कार्यालय | १२ | ८८३ | ५ | ८८३ | ७ | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | जिल्ला स्वास्थ्य कार्यालय | १३ | २,३९१ | २ | ० | ११ | ७५ | २,३१६ | ० | २,३९१ | ० | ० | ० |
| ६ | बबई सिचाई आयोजना | ४० | १४३,८८१ | २२ | १४,१७४ | १८ | ० | ११,४५० | ११८,२५७ | १२९,७०७ | ० | ४०७ | ४०७ |
| ७ | मालपोत कार्यालय | ४ | | ० | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | भुमि सुधार कार्यालय | ३ | ३०,९५४ | ० | ० | ३ | ० | ३०,९५४ | ० | ३०,९५४ | ० | ० | ० |
| ९ | कर्णाली नदी व्यवस्थापन आयोजना | १८ | ७२,७८१ | ७ | ० | ११ | ० | ९,६०३ | ६३,१७८ | ७२,७८१ | ० | ० | ० |
| १० | बर्दिया राष्ट्रिय निकुञ्ज | २१ | १०,७४६ | ९ | ० | १२ | २४९ | १०,४९७ | ० | १०,७४६ | ० | ० | ० |
| ११ | जिल्ला हुलाक कार्यालय | ४ | ३,३८१ | १ | ० | ३ | ५१ | ० | ३,३३० | ३,३८१ | ० | ० | ० |
| १२ | जिल्ला पशु सेवा कार्यालय | १० | ८०३ | १ | ० | ९ | ० | ८०३ | ० | ८०३ | ३९ | ० | ३९ |
| १३ | सिचाई विकास सव डिभिजन | १३ | १७,०९२ | ६ | ० | ७ | ० | ८२४ | १६,२६८ | १७,०९२ | ० | ० | ० |
| १४ | स्थानीय विकास कोषको सचिवालय | ३ | २,१२३ | १ | ० | २ | ३२५ | १,७९८ | ० | २,१२३ | १२ | ० | १२ |
| १५ | जिल्ला अस्पताल बर्दिया | २ | २५२३ | ० | ० | २ | ० | ० | २५२३ | २,५२३ | ० | ० | ० |
| १६ | कारागार कार्यालय | ७ | ३४९३ | ० | ० | ७ | ० | ३४९३ | ० | ३,४९३ | ० | ० | ० |
| १७ | कोष तथा लेखा नियन्त्रक कार्यालय | १ | ३९०० | ० | ० | १ | ० | ० | ३९०० | ३,९०० | ० | ० | ० |
| १८ | जिल्ला वन कार्यालय | २ | ३६ | १ | ० | १ | ३६ | ० | ० | ३६ | ० | ० | ० |
| १९ | बबई राजापुर सिंचाई व्यवस्थापन | १ | ९०० | ० | ० | १ | ० | ० | ९०० | ९०० | ० | ० | ० |
| २० | डिभिजन सहकारी कार्यालय | १ | १४६३ | ० | ० | १ | ० | ० | १४६३ | १,४६३ | ० | ० | ० |
| २१ | राष्ट्रिय प्रकृति र संरक्षण कोष | ७ | | ६ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | **२४७** | **४६७८९०** | **७९** | **१८,४७९** | **१६८** | **८२३५** | **१७५,०७४** | **२६६,१०२** | **४४९,४११** | **५१** | **४०७** | **४५८** |

द्रष्टव्य : • *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ।*

• *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ।*

# जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

नेपाल सरकार

जिल्ला विकास समितिको कार्यालय, बर्दिया

एकिकृत आय ब्यय विवरण

आ.व.२०७२/०७३

| आय विवरण | रकम रु. | रकम रु. | ब्यय विवरण | रकम रु. | रकम रु. |
|---|---|---|---|---|---|
| १.गत बर्षको जिम्मेवारी | | ७७४४५२७४.७६ | केन्द्रिय बजेट अन्तर्गत खर्च | | ५६५३५६२०३.३१ |
| **३.आन्तरिक कोष** | | ३८३९२०९०.०० | अन्य खर्च(आन्तरिक तर्फ) | | ७५६६२०६८.७७ |
| क. कर,दस्तूर सेवा शूल्क, | २९३३९२९९.८० | | धरौटी खर्च | | ५४१४४६९.७५ |
| ख.राजश्व बांडफांड | ९०५२७९०.२० | | **बैक बांकी** | | ८३१२८०२४.१७ |
| **४.अन्य श्रोत** | | २९१५८५२३.४१ | खाता नं. ५२११ | ३७७६६९५.९४ | |
| आन्तरिक कोष | २२६५४३५८.६६ | | खाता नं. ६२२१ | ७७८२९९४.२० | |
| सडक बोर्ड | ४३६२५६८.०० | | खाता नं. ४३२१ | ३११०६२५०.७४ | |
| उर्जा तथा वातावरण | १५३८६९१.७५ | | खाता नं. ४४२१ | १७१८२०३८.५८ | |
| कन्टिजेन्सी | २७६२०५.०० | | कर्मचारी कल्याणकोष ८२१२ | ७५६१७१९.२६ | |
| गरिवि निवारण कोष | २०००००.०० | | धरौटी खाता ७३५१ | १०९८०६३५.०३ | |
| बैदेशिक रोजगार | १२६७००.०० | | पन्टून ब्रिज ७४८४ | ४७३७६९०.४२ | |
| **५. अन्य कोष ६२२१** | | ९२४४१००.२७ | | | |
| धरौटी | | ७४६४६०५.८४ | | | |
| केन्द्रिय बजेट अन्तर्गत निकासा | | ५६५३५६२०३.३१ | | | |
| कर्मचारी कल्याण कोष | | २४९९९६८.४१ | | | |
| **जम्मा** | | **७२९५६०७६६.००** | **जम्मा** | | ७२९५६०७६६.०० |

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १. | जिल्ला विकास समितिको कार्यालय | श्री तेजराज शर्मा | श्री रमेश घर्ती |
| २. | जिल्ला शिक्षा कार्यालय | श्री जित बहादुर शाह | श्री पिताम्बर शर्मा |
| ३. | जिल्ला प्रविधिक कार्यालय | श्री बैकुण्ठ अर्याल | श्री अर्जुन आचार्य/श्री गणेश पौडेल |
| ४. | जिल्ला कृषि विकास कार्यालय | श्री परशुराम रावत | श्री डल्लीराम अचार्य/<br>श्री विनोदकुमार भण्डारी |
| ५. | जिल्ला स्वास्थ्य कार्यालय | श्री विर्ष बहादुर शाही | श्री राजकुमार श्रीवास्तव |
| ६. | बबई सिचाई आयोजना | श्री मधुकर प्रसाद राजभण्डारी | श्री भिमप्रसाद दाहाल |
| ७. | मालपोत कार्यालय | श्री भरतराज पौडेल | श्री ध्रुवराज गौतम |
| ८. | भुमि सुधार कार्यालय | श्री नरहररी अधिकारी/<br>श्री शेषाकान्त पौडेल | श्री केशवराज सिग्देल/<br>श्री बसन्त भण्डारी |
| ९. | कर्णाली नदी व्यवस्थापन आयोजना | श्री आत्माराम राय | श्री उदयराज भण्डारी |
| १०. | बर्दिया राष्ट्रिय निकुञ्ज | श्री रामचन्द्र कंडेल | श्री श्रीप्रसाद शर्मा |
| ११. | जिल्ला हुलाक कार्यालय | श्री हरीद्धार चौधरी | श्री सुशिलकुमार चौरसिया |
| १२. | जिल्ला पशु सेवा कार्यालय | श्री कृष्णकान्त न्यौपाने | श्री ममकान्त कंडेल |
| १३. | सिंचाई विकास सव डिभिजन | श्री मंगल शाही | श्री लिलाराम गौतम |
| १४. | स्थानीय विकास कोषको सचिवालय | श्री कृष्णप्रसाद पाण्डेय | श्री ललिराम चौधरी |
| १५. | जिल्ला अस्पताल बर्दिया | श्री डा.अर्जुन भट्ट | श्री राजकुमार श्रीवास्तव |
| १६. | कारागार कार्यालय | श्री रोहित कुमार श्रेष्ठ | श्री कुमार रखाल/श्री चुडामणि वि.क. |
| १७. | बबई राजापुर सिंचाई व्यवस्थापन आ. | श्री मधुकर प्रसाद राजभण्डारी | श्री वासुदेव तिमिल्सिना |
| १८. | जिल्ला वन कार्यालय | श्री भैरवप्रसाद घिमिरे | श्री सुशिल चौरसिया/बालाराम पोखेरेल |
| १९. | डिभिजन सहकारी कार्यालय | श्री बुद्धप्रकास पौडेल | श्री श्री अर्जुन आचार्य/श्री जगत चौधरी |
| २०. | कोष तथा लेखा नियन्त्रक कार्यालय | श्री शिवराम भट्टराई | श्री शालिकराम ज्ञवाली |
| २१. | राष्ट्रिय प्रकृति संरक्षण कोष | श्री अम्विकाप्रसाद खतिवडा | श्री रामजीबाबु थापा |

977-1-4258172, 4255707

info@oag.gov.np

Kathmandu, Nepal

977-1-4268309, 4262798

13328

www.oagnep.gov.np